
# धर्मकीर्ति

# THE DHARMAKIRTI

**A BUDDHIST MONTHLY**



'हिद बुधे जाते' वाक्य उल्लेखित लुम्बिनी स्थित अशोक स्तम्भ

DHARMAKIRTI

**होलि पुन्ही**

वर्ष–२१; अङ्क–१२

**बिक्रम सम्वत् २०६०**

## *लसकुस ! लसकुस !! लसकुस !!!*

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया **"वार्षिक भेला एवंम् साधारण सभा"** विशेष कारणवस क्वय् न्ह्यब्वया कथंया थाय् व दिनस ज्वीगु जानकारी बिसे सकल दुजःपिन्त झायादीत इनाप याना ।

***थाय् :*** पाटी विहार, ठिमी ।

***दिं :*** २०६० चैत्र २८ गते शनीवार ।

***ई :*** सुथसिया ७ ताःइले

***नां दुतिनेगु अन्तिम दिं :*** २०६० चैत्र २१ गते, शनीबार

***सम्पर्क व्यक्ति :*** धुवरत्न स्थापित (संयोजक)

## लसकुस !

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया ग्वसाले **ब्लायक फोरेष्ट केक (Black Forest Cake) व चीज निमकीन** दयक्यगु तालिम क्वय् न्ह्यब्वया कथंया थाय् व दिनस ज्वीगु दु । इच्छुक व्यक्तिपिंस इलय् हे स्वापू तयादीत इनाप याना ।

***थाय् :*** धर्मकीर्ति विहार

***दिं :*** २०६० फागुण ३० गते शनीवार

***ई :*** १२ ताः इलय् (न्हिनय्)

***सम्पर्क व्यक्ति :*** मायादेवी महर्जन (संयोजक)

## निमन्त्रणा ! निमन्त्रणा !! निमन्त्रणा !!!

श्रद्धेय भिक्षु अश्वघोष महास्थविरको श्रमण (प्रव्रजित) जीवन ६० वर्ष पूरा भएको एवंम् उहाँको ७७ औं जन्म दिनको उपलक्ष्यमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा हुन लागेको **"वक्तृत्व कला प्रतियोगिता"** मा सहभागी हुनको लागि बौद्ध विहार हरु र बौद्ध संस्थाहरुलाई विनम्र अनुरोध गर्दछौं ।

***प्रतियोगिताका विषयहरू :***

(१) गरीबी निवारणको लागि बुद्ध शिक्षा

(२) परियत्ति शिक्षा र प्रतिपत्ति शिक्षा

(३) विद्यार्थी जीवनमा शीलको महत्त्व

***प्रतियोगिता हुने दिन :*** २०६१ जेठ २३ गते, शनीवार ।

***प्रतियोगिता हुने स्थान :*** धर्मकीर्ति विहार, श्रीघः नघल ।

***प्रतियोगीहरूको उमेर समूह :*** १८–२५ वर्ष उमेरसम्म ।

***नाम दर्ता गर्ने अन्तिम मिति :*** २०६१ बैशाख ३१ गते

***सम्पर्क स्थान र समय :*** धर्मकीर्ति विहार ।

- विहान ८ बजे देखि ११ सम्म (शनीवार)

***सम्पर्क व्यक्ति :*** इन्दावती गुरुमाँ

फोन : ४२५९४६६ (धर्मकीर्ति विहार)

***संयोजक :*** इन्द्र कुमार नकर्मी

फोन नं. ४२५४४५५ (निवास)

५५२७०७७ (कार्यालय समय मात्र)

***सचिव :*** रमाशोभा कंसाकार, फोन नं. ४४३४६०९

### "धर्मकीर्ति" अपिल

- **धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु । छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागी तःधंगु तिबः ज्वीफु ।**
- **छि थः ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ ।**
- **छिं थःगु पसः, उद्योग, व्यापार, कार्यालयया बिया ध्यूगु प्रत्येक विज्ञापन पत्रिकायात तःधंगु ग्वाहाली जूवनी ।**
- **धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय याय्गुली नं ग्वाहाली बीफु ।**
- **आसे धयादीमते, बिचाः याना दिसँ– 'धर्मकीर्ति' यात बांलाकेत छिं गुकथं ग्वाहाली बिया दीफु ।**

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
विद्यासागर रञ्जित
फोन: ४२५ ८९५५, ४२२ ४९१२

व्यवस्थापकहरु
चिनीकाजी महर्जन
फोन: ४२५ ३१८२
ज्ञानेन्द्र महर्जन
फोन: ४२७ ६९०८

सह-व्यवस्थापक
ध्रुवरत्न स्थापित

सम्पादक
भिक्षुणी वीर्यवती
फोन: ४२५ ९४६६

प्रधान सम्पादक
भिक्षु अश्वघोष महास्थविर
फोन: ४२५ ९११०

प्रकाशक र विशेष सल्लाहकार
भिक्षुणी धम्मवती
फोन: ४२५ ९४६६

कार्यालय
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघ: नघ:टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५४७
नेपाल सम्वत् ११२४
इस्वी सम्वत् २००४
विक्रम सम्वत् २०६०

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | | वा सो भन्दा बढी |
| वार्षिक | रु. | ७५/- |
| यस अङ्कको | रु. | ६/- |


# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

**A Buddhist Monthly**

**MARCH 2004**


| वर्ष- २१ | अङ्क- १२ | होलिपुन्ही | चैत्र २०६० |
|---|---|---|---|





★ विना विचारले यदि कसैले न्याय गर्न खोज्छ भने त्यो न्यायाधीश होइन। जुन पण्डितले साँचो र झुठो दुवैको निर्णय गरी, विचार पूर्वक पक्षपात नगरी न्याय गर्छ, उसैलाई धर्म रक्षा गर्ने साँच्चिको न्यायाधीश भनिन्छ।

★★★

★ ईर्ष्या र मात्सर्य ठगी पुरुष, वक्ता हुँदैमा अथवा रूपवान हुँदैमा असल भनिँदैन।

★★★

# सम्पादकीय

## कारण बुझ्न आवश्यक छ

बुद्ध जीवनी र बुद्ध शिक्षालाई हामीले गम्भिर रूपले अध्ययन गरी बुझ्न आवश्यक छ । तर साधारण जनमानसमा यस विषयलाई बुझ्न सक्ने क्षमता र ज्ञान नभएको देखिन्छ । बुद्ध शिक्षा प्रचार कार्यमा मात्र मरिमेटी लाग्दैमा आफ्नो चित्तका मयलहरू पखालिंदै जाने त अवश्य पनि होइन । धर्म प्रचार गरे जस्तै धर्ममा उल्लेखित उत्तम शिक्षाहरूलाई पालन गर्न सकेमा मात्र चित्त परिशुद्ध हुँदै जाने सम्भावना बढि हुन्छ । त्यसैले हामीले भन्न सक्छौं आफ्नो चरित्र निर्माण गर्ने इच्छा छ भने बुद्ध शिक्षा (धर्म) पालन गर्दै आफ्ना खराब बानीरूलाई हटाउँदै लान सक्नु पर्छ । यसबाट हामीले थाहा पाउन सक्छौं– धर्म प्रचार कार्यको क्षेत्र अर्कै हो भने धर्म अनुसार नियम पालन गर्दै आफ्नो चरित्र निर्माण गरी आफूमा गुणात्मक सुधार ल्याउने क्षेत्र अर्कैछ ।

हाल धर्मप्रचार कार्य औपचारिक रूपमा मात्र भइरहेको देखिन्छ । त्यसैले होला धेरैजसो मानिसहरूले बुद्ध जीवनी सम्बन्धि चलचित्र (फिल्म) बनाएर जनमानसमा किन प्रचार नगरेको होला, फिल्म बनाएर धर्म प्रचार गर्न पाए बुद्ध धर्म छिट्टै प्रचार हुने थियो भन्ने चर्चाहरू सुन्नमा आइरहेका छन् । त्यतिमात्र कहाँ हो र ? कोरीया, जापान र भारतले त करोडौं रुपैयाँ लगानी गरी बुद्ध जीवनी सम्बन्धि फिल्म बनाइ सकेका थिए । तर अन्तर्राष्ट्रिय बौद्ध जगतले यसलाई बिरोध गरेको कारणले बिचमा नै यस कार्यलाई बन्द गर्न करै लाग्यो । यसरी यस कार्यलाई किन विरोध गऱ्यो त भन्ने विषयमा एकपटक गहिरिएर सोच्न आवश्यक देखिन्छ ।

पहिलो कारण त हामीलाई थाहा नै छ, बुद्ध एक पवित्र हृदय सहितका महामानव हुनुहुन्छ । यस्तो शुद्ध हृदय सहितको अर्को व्यक्ति आजभोलीको दूषित वातावरणमा पाउन मुश्किल नै हुन्छ । अपवित्र हृदय बोकेको व्यक्तिबाट शुद्ध हृदय भएको बुद्धको अभिनय गराउँदा बुद्ध चरित्रको पवित्रतामा नै आँच पुग्न जाने भएकोले यस कार्यले अर्थको अनर्थ फल दिने सम्भावना हुन्छ ।

अर्को कारण पालि भाषामा लिखित बुद्ध जीवनीमा नै विकृतीहरू देखा परिसकेका छन् । जहाँ अलौकिक चमत्कारहरूको वर्णन गरिएका पाइन्छन् । त्यसैले बुद्ध शिक्षालाई राम्ररी अध्ययन गरी आफ्नो चरित्र निर्माण गर्न अगावै चलचित्रको माध्यमबाट बुद्ध जीवनी प्रचार गर्न थालियो भने यस कार्यले पक्कै पनि कृष्ण लीला र रामलीला प्रशारण गरेको बेला जस्तै दर्शक महानुभावहरूलाई अलौकिक शक्तिको रमझममा भुलाउने कार्य गर्नेछ । फलस्वरूप यस प्रकारको धर्म प्रचार कार्यबाट दर्शक महानुभावहरूलाई आफ्ना खराब आचरण सुधारी धार्मिक बन्ने हौसला दिने होइन अलौकिक शक्ति र चमत्काररूपी मोहमा भुलाई आफूले आफैंलाई ठग्ने बानी बसालीदिनेछ । किनभने चलचित्र भन्नु नै दर्शकहरूलाई मनोरञ्जन प्रदान गरी उनीहरूलाई आकर्षित पार्न सकेमात्र उक्त चलचित्रले सफलता हासिल गर्न सक्नेछ । अलौकिक शक्ति प्रदर्शनको घटना समावेश नगरिएका चलचित्र दर्शकहरूलाई खल्लो लाग्न सक्दछ । यसरी बुद्ध जीवनीमा आधारित चलचित्रको अलौकिक शक्तिलाई प्राथमिकता दिने कार्यले गुणात्मक चरित्र होइन संख्यात्मक चरित्रको मात्र बृद्धि गर्ने देखिन्छ । तर धर्म भनेको मानिसको गुण र सद्व्यवहार निर्माणको लागि हो । खराब व्यक्तिलाई असल बनाउन सक्नु नै धर्मको लक्ष रहेको हुन्छ । यस कार्यलाई नै सही धर्म प्रचार भन्न मिल्छ । अर्थ न बर्थको धर्मप्रचार कार्यले धर्मलाई होइन अधर्मलाई स्थान दिनेछ । हामीले त बुद्धको आदर्श र गुण मात्र बयान गरेर भक्ति मार्गले धर्म प्रचार गर्नु भन्दा पनि उहाँको गुणलाई आफूमा समावेश गरी आफ्नो चरित्र निर्माण गरी धर्म प्रचार गर्न सकेमा मात्र ठोस उपलब्धी हासिल गर्न सक्नेछौं । होइन भने गोठालाले गाईको दूध खान नपाए जस्तै हामी सबै धर्मको नाममा आफूले आफैंलाई ठग्ने काम गरिरहने हुन्छौं । अर्को शब्दमा भन्ने हो भने बुद्धको प्रशंसा र उहाँको अलौकिक शक्तिको चमत्कारमा मात्र भुलिरहेसम्म हामीले धर्मको खास लक्ष नबुझी बाटो बिराएको मानिस जस्तै भौंतारिन पुग्नेछौं । किनभने धर्मको अर्थ बुझी त्यसमा आफूलाई ढाल्ने कार्य र आफूलाई धार्मिक कहलाउने कार्यमा आकाश र जमीनको फरक रहेको हुन्छ ।

त्यसैले चलचित्रबाट बुद्ध धर्म प्रचार गर्ने हो भने बुद्धको अभिनय गर्ने व्यक्तिको चित्त शुद्ध हुन आवश्यक छ । अन्य साधारण अभिनेताहरूको साधारण अभिनयले यस चलचित्रलाई नै नाटकको रूपमा ढालिदिनेछ । बुद्ध शिक्षानुसार आफूलाई शुद्ध बनाउन सक्ने व्यक्तिहरूको गुणात्मक बृद्धि गर्न सकेमा मात्र धर्मप्रचारको लक्ष सफल हुनेछ । किनभने बुद्ध शिक्षाको सोचाई अन्य शिक्षा भन्दा धेरै फरक र उच्च रहेको छ । यसलाई लरतरो सम्झन मिल्दैन । बुद्ध जीवनी सम्बन्धि चलचित्र बनाउने कार्यमा रोकावट आएको कारण नै बुद्ध शिक्षाको गहनता र महत्त्वलाई दृष्टिगत गरेर हो । यस विषयमा गम्भीरतापूर्वक सोच्नु र अध्ययन गर्न आवश्यक छ । होइन भने त्यस प्रकारको चलचित्रले बुद्ध शिक्षामा विकृती ल्याई बुद्धको अस्तित्त्व र प्रतिष्ठालाई नै धमिल्याउने कार्य हुन जानेछ ।

Downloaded from http://www.dhamma.digital

# मुक्तिको लागि आर्यसत्यको अनुभव आवश्यक

भगवान तथागत चित्त विमुक्त हुनुभयो । भव भ्रमणबाट नितान्त रुपमा विमुक्त हुनुभयो । स्वयं विमुक्त भएर अन्य मानिसहरूलाई विमुक्तिको सही मार्ग सिकाउन लाग्नु भयो । भव बन्धन र भव विमुक्तिको सत्य आफूले अनुभव गरेर नै स्वयंले घोषणा गर्नु भयो कि–

**अहं, दुक्खं अरियसच्चं ... दुक्खसमुदयं अरियसच्चं ... दुक्खनिरोधं अरियसच्चं ... दुक्खनिरोधगामिनिं पटिपदं अरियसच्चं यथाभूतं अनभिसमेच्च ।**

दुःख आर्यसत्य, दुःख समुदय आर्यसत्य, दुःख निरोध आर्यसत्य र दुःख निरोधगामिनी प्रतिपदा आर्यसत्यको यथाभूत ज्ञान दर्शन नगरीकन नै यदि कसैले म सम्यक रूपले अर्थात सही अर्थमा दुःखको अन्त गर्छु भन्यो भने त्यो असम्भव छ। किनकि, **यं खो, आवुसो, दुक्खे अञ्ञाणं, दुक्खसमुदये अञ्ञाणं, दुक्खनिरोधे अञ्ञाणं, दुक्खनिरोधगामिनिया पटिपदाय अञ्ञाणं – अयं वुच्चतावुसो, 'अविज्जा' ।**

- आवुसो, यो दुःखको अज्ञान हो, दुःख समुदयको अज्ञान हो, दुःख निरोधको अज्ञान हो, दुःख निरोधगामिनी प्रतिपदाको अज्ञान हो - यही अविद्या हो ।

जबसम्म अविद्या हुन्छ, तब सम्म भवविमुक्तिको ढोका बन्द नै हुन्छ, किनकि यस्तो व्यक्तिले कहिल्यै थाहा पाउँदैन कि सबै सांसारिक सुखमा दुःख समाएको छ । उस्ले कहिल्यै पनि थाहा पाउँदैन कि दुःखको मूल कारण तृष्णा हो । तृष्णाको जरासम्म उखेल्यो भने दुःख निरोधको अवस्था प्राप्त हुन्छ भन्ने उसले थाहापाउँदैन । दुःख निरोधको लागि शील, समाधि, प्रज्ञाको आर्य अष्टाङ्गिक मार्गमा हिंड्नु पर्छ भन्ने उसलें कहिल्यै पनि थाहा पाउँदैन । जस्ले यी कुराहरू थाहापाउँदैन ऊ कसरी मुक्ति मार्गमा अघि बढ्छ । अघि नै बढेन भने मुक्त कसरी हुन्छ ? उसको जीवनमा अन्धकार नै अन्धकार हुन्छ ।

गौतम बुद्धले अगाडि भन्नु भयो– भिक्षुहरू, संसारमा जबसम्म सुर्य र प्रकाश उडाईरहन्छ तबसम्म महान आलोक - उज्यालो छाई रहन्छ, प्रकाशको प्रार्दुभाव भईरहन्छ । त्यस्तै प्रकारले जबसम्म तथागत अरहन्त सम्यक सम्बुद्ध संसारमा उत्पन्न हुँदैन तब सम्म प्रभुत प्रकाश एवं आलोकको प्रादुर्भाव हुँदैन, तबसम्म गहिरो रातको अँध्यारो छाईरहेको हुन्छ । तबसम्म न चार आर्य सत्यको चर्चा कहीं सुन्न पाउँछ, न देशना, न प्रज्ञापना, न प्रस्थापना, न विवरणा, न अनावरण गर्न पाउँछ, न विभाजन हुन्छ, न कसैले स्पष्ट गर्छ ।

संसारमा जब सम्यक सम्बुद्धको प्रादुर्भाव हुन्छ तब नै यी चार आर्यसत्यको बारेमा प्रकाश हुन्छ र शील, समाधि तथा प्रज्ञाको आर्य अष्टांगिक मार्गमा सफलतापूर्वक अगाडि बढ्ने स्पष्ट विधि प्रकाशमा आउँछ ।

जो कोही व्यक्तिले पनि सत्यलाई बुझेर शील, समाधि तथा प्रज्ञाको आर्य अष्टांगिक मार्गमा अगाडि बढ्छ भने निश्चित रूपले निर्माण तर्फ अघि बढ्दै जान्छ । उसलाई कसैले रोक्न पाउँदैन । जसरी गंगा नदी पूर्व दिशा तर्फ बहन्छ, त्यसरी नै जो भिक्षु आर्य अष्टांगिक मार्गको भावित गर्दछ, ऊ निर्वाण तर्फ अगाडि बढ्दछ ।

चार आर्यसत्य मध्ये आर्य अष्टांगिक मार्ग प्रयोगात्मक हुनुको कारण यो प्रमुख छ । चारैवटा आर्यसत्यलाई **तिपरिवट्टं द्वादसाकारं** अनुभव गर्नका लागि अष्टांगिक मार्ग अनिवार्य छ। त्यसैले यी चार आर्यसत्यलाई सिद्धान्तको रुपमा स्वीकार गर्नु पर्दछ । आर्यसत्यलाई बाह्र प्रकारले अनुभव गर्ने हो भने कुनै एउटालाई साक्षात्कार गऱ्यो भने पनि बाँकी तीन वटाको साक्षात्कार स्वतः हुन्छ ।

**यो, भिक्खवे, दुक्खं पस्सति, दुक्खसमुदयम्पि सो पस्सति, दुक्खनिरोधम्पि पस्सति, दुक्खनिरोधगामिनिं पटिपदम्पि पस्सति ।**

- भिक्षुहरू ! जसले दुःखको दर्शन गर्छ उसले दुक्ख समुदय, दुःख निरोध र दुःख निरोधगामिनी प्रतिपदाको पनि दर्शन गर्दछ ।

दुःखका सारा परिधिलाई पार गरेर दुःख निरोध, दुःखको विनाश भईरहेको थाहापाउनु नै दुःखको परिज्ञान हो । यस क्रममा दुःख समुदय अर्थात तृष्णा (राग-द्वेष) को दर्शन स्वतः हुन थाल्छ र दुःखको क्षेत्र पार लगाउनको लागि शील, समाधि, प्रज्ञाको आर्यअष्टांगिक मार्गको एक-एक अंगको दर्शन अनुभवले जान्दछ । यसरी पहिलो आर्यसत्यको दर्शनले दोस्रो, तेस्रो र चौथौं आर्यसत्यको दर्शन पनि स्वतः हुन जान्छ । त्यस्तै प्रकारले जसले दुःख समुदय रुपी तृष्णाको दर्शन गर्छ, उसले दुःखको, दुःख

निरोधको, दु:ख निरोधगामिनी प्रतिपदाको स्वत: दर्शन गर्छ । त्यस्तै जस्ले दु:ख निरोधको दर्शन गर्छ उसले दु:खको, दु:ख समुदयको र दु:ख निरोधगामिनी प्रतिपदाको पनि दर्शन गर्दछ ।

दु:ख निरोधगामिनी प्रतिपदाको दर्शन गर्नेले दु:खको, दु:ख समुदयको र दु:ख निरोधको पनि दर्शन गर्दछ । जब दर्शन आफ्नो अनुभवले हुन्छ तब थाहापाउँदछ कि एक आर्यसत्यमा चारै आर्यसत्य एकत्रा भएको छ । एउटाको दर्शन भयो भने बाँकी तिनैवटाको दर्शन स्वत: हुन थाल्छ । चार आर्य सत्यको दर्शनले महामंगल हुन्छ–

**अरियसच्चानं दस्सनं ... एतं मङ्गलमुत्तमं ।**

जस्ले आर्यसत्यलाई गहिराईसम्म जान्दछ उसले आर्यसत्यलाई भाविता गर्दछ र जस्ले आर्यसत्यलाई विशेष रूपले भाविता गर्दछ ऊ आर्य बन्दछ, त्यसैले आर्यसत्यको दर्शनमा उत्तम मङ्गल छ ।

आर्यसत्य सत्यभन्दा टाढा छैन, कुनै कल्पना यस्मा छैन । कुनै सम्प्रदायको अन्धविश्वासले भरिएको दार्शनिक मान्यता यसमा छैन । जीवनका यस्ता सत्य जुन कोही पनि, कुनै पनि सम्प्रदायको व्यक्तिले गर्न सक्दछ र परिणामत: भवबाट मुक्त हुन सक्छ । यी चारै आर्यसत्यको साक्षात्कारको अन्तिम उपलब्धि दु:ख निरोध आर्यसत्य हो । यही निर्वाण हो, जसको दर्शन पहिलो पटक भएमा स्रोतापन्न अवस्था प्राप्त हुन्छ र साधक अनार्यबाट आर्य हुन्छ चाहे त्यो व्यक्ति कुनै जाति, वर्ग, गोत्र र सम्प्रदायको किन नहोस् । यसको साक्षात्कार भएमा कोही पनि व्यक्ति आर्यबन्न सक्छ । लोकमा तथागत आर्य हुनुहुन्छ । अत: यसलाई आर्यसत्य भनियो । जो स्वयं आर्य भइसक्यो, उहाँले आफ्नो अनुभवद्वारा जानिएको सत्यलाई प्रकाशन गरियो भने त्यो आर्य नै कहलाउँछ ।

यस युगमा मिथ्या मान्यतालाई छोडेर तटस्थमार्गमा अगाडि बढेर आर्य बनेको पहिलो व्यक्ति नै तथागत हुनुहुन्छ । यदि त्यही मार्गमा अरु कोही व्यक्ति अगाडि बढ्छ भने उनीहरू पनि आर्य हुन्छ ।

जीवन जगतका यी चारै वटा महत्वपूर्ण सत्य जब केवल दार्शनिक मान्यता बनेर रहन्छ तब अन्य दार्शनिक मान्यता झैं यो पनि निष्फल नै हुन्छ, निरर्थक नै हुन्छ र केवल साम्प्रदायिक वाद-विवादको कारण बनेर रही रहन्छ । परन्तु यस्को यथार्थ दर्शन भएमा यो मुक्तिदायिनी हुन्छ, सफल हुन्छ, सार्थक हुन्छ ।

चार आर्यसत्य मात्र होइन, त्यसको तिपरिवट्टं द्वादसाकारं अर्थात बाह्र प्रकारका स्वरूप केवल पाठ मात्र गरिरह्यो भने अथवा कुनै सम्प्रदायको मान्यता मात्र भईरह्यो भने दुर्भाग्य बाहेक अरु केहि हुँदैन । कुनै पनि सम्प्रदायको बन्धन ज्यादै कठोर हुन्छ । त्यसबाट निस्किनु अति कठिन हुन्छ । जब यी चार आर्यसत्यको वास्तविक दर्शन हुन्छ, त्यसलाई आफ्नो अनुभवले थाहापाउँदछ तब ती थोत्रो मान्यता सबै स्वत: छूट्छ । जब स्वयंले त्यसको दर्शन गर्छ तब सत्यको अभिसम्बोध हुन्छ, तब त्यो चिन्तनको विषय नै रहँदैन, विवादको विषय नै रहँदैन ।

चार आर्यसत्यको यथाभूत दर्शन हुनु भनेको- इन्द्रिय जगत भन्दा परको अवस्था निर्वाणको दर्शन हुनु हो । सम्पूर्ण दार्शनिक मान्यता इन्द्रिय क्षेत्रसम्म मात्र सीमिति हुन्छ । इन्द्रियातीत अवस्थाको अनुभव भएपछि अन्य कुनै मान्यता सामू रहन सक्दैन ।

संसारमा देवता सहित मार, ब्रह्मा, श्रमण, ब्राह्मण तथा अन्य देव मनुष्य द्वारा इन्द्रियहरूको क्षेत्रमा आँखाले देखेको, कानले सुनेको, नाकले सुँघेको, जिब्रोले स्वाद लिएको, र मनले चिन्तन गरेकोलाई अन्तिम अवस्था प्राप्ती मानेको छ, अन्तिम सत्यलाई यसै क्षेत्रमा मात्र खोजेको छ, यसैमा मात्र चिन्तन मनन गरेको छ । जबकि तथागतले यस सम्पूर्ण इन्द्रिय जगतको अनित्य स्वभावको सत्यलाई अनुभव गरेर यसभन्दा पर नित्य र अपरिवर्तनशील इन्द्रियातीत निर्वाणिक अवस्थाको साक्षात्कार गर्नु भयो ।

**यस्मा तं तथागतेन अभिसम्बुद्धं, तस्मा 'तथागतो' ति वुच्चति ।**

- त्यस (परम सत्य) लाई तथागतले अभिसम्बोध गर्नु भयो, त्यसैले उहाँलाई तथागत भनियो ।

जबसम्म इन्द्रियको परिधि भित्र **परियेसितं** अनुसन्धान भईरहन्छ र यसै क्षेत्रको कुनै एक अवस्थालाई परम सत्यको अवस्था मान्दछ र यी नै उपलब्धिहरू नै भिन्न भिन्न दार्शनिक मान्यता बन्दछ । तथागतले यस इन्द्रिय क्षेत्रको सम्पूर्ण बिसौनिहरूलाई पार गर्दै गर्दै निर्वाणको साक्षात्कार गर्नु भयो । अत: यसमा कुनै दार्शनिक मान्यता गाँसिएको छैन । उनको आफ्नो पनि कुनै दार्शनिक मान्यता छैन, किनकि तथागतले दार्शनिक मान्यताको क्षेत्रलाई पर छोडी सक्यो । नाम र रुपको इन्द्रिय क्षेत्र मात्रै दार्शनिक मान्यताको क्षेत्र हो ।



Downloaded from http://www.dhamma.digital

जबकोही व्यक्ति नाम रूपको क्षेत्र अर्थात छः इन्द्रिय र त्यसका विषयसंग सम्बन्धित क्षेत्र अनुभवले जान्दछ तब राम्ररी थाहापाउँदछ कि जुन समुदय हुन्छ त्यो अवश्य व्यय पनि हुन्छ, त्यो अनित्य छ, नश्वर छ, भंगुर छ । चाहे तल तिर अधोलोकका कुनै क्षेत्र होस् अथवा माथितिर अरुप ब्रह्मलोकसम्मका कुनै क्षेत्र होस् यी सबै लौकिक क्षेत्र अनित्य छन्, परिवर्तनशील छन् । यो अनित्य बोध अन्ध श्रद्धाले स्वीकार गर्न सक्दैन, न कि तर्क वितर्क र वर्णन द्वारा, यो त प्रत्यक्ष ज्ञानद्वारा अनुभव गर्न सकिन्छ ।

**सब्बे सङ्खारा अनिच्चाति, यदा पञ्ञाय पस्सति ।**

- प्रज्ञाको आँखाले हेऱ्यो भने सारा संस्कृत पदार्थ र अवस्था अनित्य छन् ।

चाहे मानव लोकका सुख सुविधा होस् चाहे देवलोकका दिव्य सुखभोग होस्, अथवा रूप र अरूप ब्रह्मलोकको दीर्घजीवी ब्राह्मी सुख होस्, सारा सुख नाश हुने खालको छ, किनकि ती अनित्य छन् र प्रत्येक सुख नष्ट भएर दुःखमा बदलिन्छ । अतः सम्पूर्ण लौकिक सुख वास्तवमा दुःखदायी नै हुन्छन् । सारा लौकिक सुख भित्र दुःखको बीऊ रहेको हुन्छ । निर्वाणको साक्षात्कार भएपछि मात्रै साधकले थाहापाउँदछ कि यो नित्य, शाश्वत र ध्रुव हुनुको कारण वास्तवमा निर्वाण नै परम सुख हो ।

**निब्बानं परमं सुखं ।**

निर्वाणको परम सुख अनुभव भएपछि नै यसको तुलना लौकिक सुखसंग हुन्छ र तब स्पष्ट हुन्छ कि- उसलाई अन्य मानिसहरू सुख भन्छन्, त्यो आर्य दुःख हो । जसलाई अन्य मानिसहरू दुःख भन्छन्, त्यो आर्य सुखको रूपमा लिनु पर्छ ।

**सब्बे सङखारा दुक्खाति, यदा पञ्ञाय पस्सति ।**

-प्रज्ञाको आँखाले हेऱ्यो भने सारा संस्कृत पदार्थ र अवस्था दुःख छन् ।

यस अवस्थामा आईपुग्दा जो अनित्य छ, परिवर्तन- शील छ ती सबै दुःख हो भन्ने स्पष्ट हुन थाल्छ । जुन अनित्य छ त्यो दुःख छ । जुन दुःख छ, त्यो अनात्म छ । जुन अनात्म छ त्यो न मेरो हो, न म हूँ, न मेरो आत्मा हो ।

**सब्बे धम्मा अनत्ताति, यदा पञ्ञाय पस्सति**
**-प्रज्ञा चक्षुले हेऱ्यो भने सारा धर्म अनात्म छ ।**
**-अथ निब्बिदन्ति दुक्खे, एस मग्गो विसुद्धिया ॥**

- जसले दुःखलाई छेड्छ, त्यही विशुद्धिको मार्ग हो, त्यही विमुक्तिको मार्ग हो ।

जस्तो सारा लौकिक अवस्थामा त्यसैगरी निर्वाणको अवस्थामा पनि म, मेरो र मेरो आत्मा भन्ने छैन । त्यस अनन्त असीम अवस्थामा कुनै ससीम व्यक्तिको व्यक्तित्व टिक्न सक्दैन । यस इन्द्रियातीत अवस्थालाई कहाँ निर म, मेरो र मेरो आत्मा भन्ने ? यो त निर्वाणको साक्षात्कार भएपछि नै स्पष्ट हुन्छ । यस अवस्थामा पुगेको व्यक्ति अहंकार, ममंकारबाट पूर्ण त विमुक्त हुन्छ । व्यवहारमा म, मेरो भनेता पनि अनासक्त हुन्छ, उसको अभिमानरुपी क्लेश पूर्णतया समाप्त भईसकेको हुन्छ । अतः उसको दार्शनिक मान्यता, चिन्तन-मनन, वाद-विवाद आदि सबै अलग भईसकेको हुन्छ । यस्तो व्यक्तिले यी सबैलाई दुःखमय, क्लेशमय थानेको हुन्छ ।

भिक्षुहरू, यी चार आर्यसत्यलाई साक्षात्कार नगरिकन, अनुबोध नगरिकन, प्रतिवेधन नगरिकन म यस संसारमा घुमिरहें, संस्सरण गर्दैरहें– भगवान बुद्धले भन्नुभयो । बुद्ध स्वयं यी चार आर्य सत्यको साक्षात्कार गरेर भव विमुक्त हुनुभयो ।

**अभिञ्ञेय्यं अभिञ्ञातं, भावेतब्बञ्च भावितं ।**
**पहातब्बं पहीनं मे, तस्मा बुद्धोस्मि ब्राह्मण ॥**

- जुन दुःख सत्य र निरोध-सत्य अभिज्ञात गर्न योग्य थियो, त्यसलाई मैले अभिज्ञात गरें । जुन मार्ग-सत्य भावित गर्न योग्य थियो, त्यसलाई मैले भावित गरें । जुन समुदय-सत्य प्रहाण गर्न योग्य थियो त्यसलाई मैले प्रहाण गरें । हे ब्राह्मण, म त्यसैले बुद्ध हूँ ।

आर्यसत्यको साक्षात्कार विना कोही विमुक्त हुन सक्दैन ।

*( साभार : त्रिपिटक में सम्यक सम्बुद्ध, भाग-१ )*

**– कल्याण मित्र**
**सत्यनारायण गोयन्का**

## बुद्धको मूल शिक्षा

'सब्ब पापस्स अकरणं, कुसलस्स उपसम्पदा;
सचित्त परियोदपनं एतं बुद्धान सासनं'



अर्थ- 'कुनै प्रकारका पापकर्म नगर्नु, कुशल (राम्रो) कर्म गर्नु र आफ्नो चित्तलाई परिशुद्ध राख्नु ।'

***Not to do Evil, To Cultivate Merit, To Purify One's Own Mind.***

*भावार्थ- पाप कर्म नगर्दैमा पुग्दैन र कुशल कर्महरू मात्र गरेर पनि पुग्दैन । मुख्य कुरो त आफ्नो चित्त शुद्ध हुनुपर्छ । - बुद्ध*

# धम्मपद–१६८

✍ रीना तुलाधर
"परियत्ति सद्धम्म कोविद"

**रतिया जायती सोको-रतिया जायती भयं**
**रतिया विप्पमुत्तस्स-नत्थि सोको कुतो भयं ?**

*अर्थ–* रागको कारणले शोक हुन्छ, रागको कारणले भय हुन्छ, रागबाट मुक्त भईसकेकोलाई शोक हुँदैन, भय कहाँबाट हुन्छ ?

*घटना–* उपरोक्त गाथा भगवान बुद्धले वैशाली नगरमा कूटागार शालामा बस्नु भएको बेला लिच्छवीहरूको कारणमा भन्नु भएको हो ।

लिच्छवीहरूको चाड पर्व जात्राको दिन थियो । त्यस दिन लिच्छवी कुमारहरू अति भव्य पहिरण तथा गरगहना लगाएर नगरबाट टाढा उद्यानतिर उत्सव मनाउन जान लागीरहेको थियो । भव्य श्रृंगार तथा सजी सजावतमा गइरहेका ती समूहलाई भिक्षाटनको लागि भिक्षुहरूका साथ नगरमा प्रवेश गरीरहनु भएका भगवान बुद्धले देख्नु भयो । त्यतिखेर भगवान बुद्धले भिक्षुहरूलाई सम्बोधन गरेर भन्नुभयो– "हे भिक्षुहरू हेर ! लिच्छवीहरूको भव्यता, कुनै देवगणको ताँति भन्दा कम छैन ।"

उद्यानतिर गईरहेका लिच्छवीहरूले कुनै एक नगरशोभिनी गणिका (बेश्या) लाई भेटेर आफूहरूसंगै लिएर गए । गणिकालाई लिएर तिनीरूको बिचमा ईर्ष्या डाह भयो । मन मुटाव भयो । हुँदाहुँदै तिनीहरूको बिच झगडा भयो । हाटाभाई भयो । रगताम्य हुने गरीकन घाइटे भए । घाइते भएकालाई चारपाईमा सुताएर मानिसहरूले नगर भित्र ल्याए । भगवान बुद्ध पनि भिक्षाटन सकाएर भोजन खानु भएपछि भिक्षुहरूसंगै नगरबाट बाहिर जान लाग्नु भएको थियो ।

लिच्छवी कुमाररूलाई यस्तो दुर्दशामा नगरभित्र ल्याई रहेको देखेर कारण बुझेपछि भिक्षुहरूले यसरी विचार व्यक्त गरे– "भो भन्ते आज विहानैमात्र त्यस्तो राम्ररी हिँडेका लिच्छवी कुमारहरूको एउटी गणिकाको कारणले यस्तरी दुर्दशा भयो ।"

भिक्षुहरूको यस कुरालाई लिएर बुद्धले भन्नु भयो– "भिक्षुहरू ! शोक होस वा भय होस् । त्यसको उत्पन्न हुनुको कारण राग नै हो ।"

यस्तो आज्ञा भई भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो । ■

## भन्ते गुरुमाँ

*– मदन महर्जन, कमलाछी*

त्यागी बन्न हिंड्नु भयो
भौतिक मोहमा नपरी
ज्ञान र उपदेश दिन लम्कनु भयो
ठूलो दु:ख कष्ट सही

भन्ते गुरुमांका नामले परिचित
सबैको मन र मस्तिष्कमा
सबैका प्रेरणाका पात्र
त्यागीका प्रतिक तपाईँहरू

अमूल्य योगदान देश विकासमा
धर्ममा लाग्न प्रेरित गर्ने
समाज उत्थानमा प्रेरणा दिने
धर्मका धरोहर तपाईँहरू

निर्वाणको पथमा लाग्नुभयो
सबैलाई लाग्न प्रेरणा दिनुभयो
ठूलो देव चरित्र निर्माणमा
वन्दना भन्ते वन्दना गुरुमां

## ज्ञानया लंपु क्यनाव्यू

*– अमृत मान शाक्य भिक्षु, इतुम्बाहा यें*

यो मां यो बा जन्मबिल छिमिसं
ज्ञानि जुयूत ज्ञानया लंपु केना ब्यु
पञ्च तत्व दुगु शरीर सितिं छोयमखु
मिखाम्हुतु न्ह्यायपनंनं सत्य दु ।

थागा मदुगु चितयात चीगु सेना ब्यु
भन्ते गुरुमां न्हि: थं वन्दना यायेगु सेना ब्यु
सदा नं मचा जुया म्वायुमयो जित थन
मनू जुया म्वायगु लंपु क्यनाब्यु ।

ननि चुके मखु स्कूल विहारे यंकाब्यु
ज्ञानया शिक्षा कायदै मनू जुयाम्वायदै
कतयागु भरोसा मखु थगु तुतिं चुय दै
जन्म जुयाया सार थगु पवित्र धर्ति ।

यो मां यो बा जन्म जुयागु सार ब्यु
कन्हे कंसं धायमते आहे यंकाब्यु
ताय् तिति याना जि विहारे वने
करुणा आपा तय्मते चित्त सेनि जिगु ।



Downloaded from http://www.dhamma.digital

# कुष्ठ रोगी सुप्पबुद्ध

✍ भिक्षु संघरक्षित, संघाराम

आजभन्दा लगभग छब्बीस सय वर्षअधिको कुरा थियो। त्यसबेला लोकमा भगवान् बुद्ध उत्पन्न हुनुभएको थियो।

एकपटक उहाँ भगवान् बुद्ध राजगृह नगरको वेलुवन विहारमा बसिराख्नुभएको थियो। उहाँ नित्य बहुजन हिताय र बहुजन सुखायका निम्ति उपदेश दिनुहुन्थ्यो। उपदेश सुन्न विहारमा धेरै भिक्षुहरू, भिक्षुणीहरू, उपासकहरू र उपासिकाहरूको उपस्थिति हुन्थ्यो। बुद्धको उपदेश सुनेर धेरैले ज्ञान प्राप्त गरेर ज्ञानी भएका थिए, दुःखबाट मुक्त भएका थिए।

एकदिनको कुरा थियो। भगवान् बुद्धले सधैंझैं उपदेश दिइरहनुभएको थियो। उपदेश सुन्ने श्रोताहरू धेरै थिए। त्यही श्रोताहरूमा एकजना कुष्ठरोगी व्यक्ति पनि थियो, जसको नाम सुप्पबुद्ध हो। ऊ परिषद्को एक छेऊमा बसेर भगवान् बुद्धको उपदेश सुनिराखेको थियो। भगवान् बुद्धको उपदेश सुन्दासुन्दै उसले धर्म अवबोध गरे, धर्मचक्षु प्राप्त गरे अनि स्रोतापत्तिफलमा पुगे। अब ऊ बुद्धद्वारा निर्देशित दुःखमुक्ति मार्गमा प्रवेश गरेर चार तहमध्ये पहिलो तहमा प्रतिष्ठित भयो।

स्रोतापत्तिफलमा प्रतिष्ठित भइसकेपछि उसले आफूले प्राप्त गरेको गुण-धर्म भगवान् बुद्ध समक्ष बिन्ति गर्ने इच्छा गऱ्यो। यद्यपि आफू कुष्ठरोगी भएको कारणले परिषद्को बीचमा बिन्ति गर्नजानु उचित पनि सम्झेन। तसर्थ, सबै परिषद्हरू फर्किसकेपछि फेरि आफू बुद्धकहाँ आएर उक्त प्राप्त गरेको गुण-धर्म बिन्ति गर्न आउने निश्चय गरेर ऊ फर्क्यो। परिषद् सबै फर्केपछि ऊ फेरि विहारतर्फ आयो।

त्यसबेला शक्र देवराज इन्द्रले सुप्पबुद्धको त्यो कुरा थाहा पाए। तसर्थ, इन्द्रले सुप्पबुद्धलाई परीक्षा गर्नको लागि त्यहाँ आए। अनि इन्द्रले ऊ हिंडिरहेको बाटोको माथि आकासमा बसेर भने– "हे सुप्पबुद्ध ! तिमी मान्छेहरूको बीचमा अति दरिद्र, हीन रोगी छौ। म तिमीलाई चाहिएको आवश्यक अथाह धनसम्पत्ति, स्वास्थ्य आदि सबै दिनेछु। केवल तिमी बुद्धलाई बुद्ध होइन, धर्मलाई धर्म होइन, संघलाई संघ होइन भन। अनि बुद्ध मलाई चाहिएको छैन, धर्म मलाई चाहिएको छैन, संघ मलाई चाहिएको छैन भन।"

यो कुरा सुनेर कुष्ठरोगी सुप्पबुद्धले इन्द्रलाई सोध्छ– "आकासमा बसेर मलाई यसो भनिराख्ने तिमी को हौ ?"

इन्द्र– "म शक्र देवराज इन्द्र हूँ।"

सुप्पबुद्ध– "हे शक्र देवराज इन्द्र ! तिमी लज्जा रहित अन्धो मूर्ख रहेछौ। तिमीले मलाई भन्न अयोग्य दरिद्र याचक भन्यौ। म गरीब छैन, न त दरिद्र नै छु। मैले भगवान् बुद्धद्वारा देशित सप्तरत्नआर्यधन (=श्रद्धा, शील, लज्जा, भय, श्रुत, त्यांग, प्रज्ञा) प्राप्त गरेको छु। मैले बुद्धको धर्मलाई अवबोध गरेको छु, धर्मचक्षु लाभ गरेको छु। त्यसैले, हे मूर्ख इन्द्र ! तिमीले मलाई लोभमा फँसाउन सक्तैनौ।"

शक्र देवराज इन्द्रले सुप्पबुद्धको उक्त कुरा सुनेर त्यहाँबाट तुरुन्त पहिल्यै बुद्धको सामु पुगे। त्यहाँ पुगेर इन्द्रले बुद्धसमक्ष उक्त सबै कुराहरू बिन्ति गरे। तब भगवान् बुद्ध देवराज इन्द्रलाई आज्ञा गर्नुहुन्छ– "हे शक्र देवराज ! तिमीले सुप्पबुद्धको मनलाई बिगार्न सकेनौ, यसमा के नै आश्चर्य भयो र ! तिमी जस्ता सयौं इन्द्रहरूले, हजारौं इन्द्रहरूले पनि सुप्पबुद्धलाई भन्न लगाउन सक्नेछैनौ कि बुद्धलाई बुद्ध होइन, धर्मलाई धर्म होइन, संघलाई संघ होइन, बुद्ध मलाई चाहिएको छैन, धर्म मलाई चाहिएको छैन, संघ मलाई चाहिएको छैन।"

गौतम बुद्धको कुरा सुनेर शक्र देवराज इन्द्र सन्तुष्ट भए। अनि भगवान् बुद्धलाई वन्दना गरी आफ्नो ठाउँमा फर्केर गए। उता सुप्पबुद्ध कृष्ठरोगी पनि बिस्तारै विहारमा पुग्यो। उसले भगवान् बुद्धलाई वन्दना गरी कुशलवार्ता गऱ्यो। तत्पश्चात् आफूले साक्षात्कार गरेको गुण-धर्म भगवान् बुद्ध समक्ष बिन्ति गऱ्यो। यसबाट भगवान् बुद्ध प्रशन्न हुनुभयो। सुप्पबुद्ध पनि ज्यादै आनन्दित र सन्तोषी भयो।

प्रशन्न मुद्रामा भगवान् बुद्धलाई वन्दना गरेर ऊ विहारबाट फर्क्यो। विहारबाट हिंडेर अलि पर मात्रै पुगेको थियो, एउटा गाईले उसलाई हानिदियो। त्यसको चोटबाट उसको पनि तत्कालै मृत्यु भयो। वास्तवमा, यसरी ऊ मर्नु परेको पनि पूर्वजन्मकै विपाक थियो।

पूर्वजन्ममा ऊ आफ्ना साथीहरूसहित चार जना भएर एकजना नगर-वेश्यालाई बगैंचामा लान्छ। उनीहरूले दिनभरि ती वेश्यासँग कामसुख भोग गर्दछ। उनीहरूले वेश्यालाई एक हजार असर्फी दिनुपर्थ्यो। पछि उनीहरूको मन बदलियो। एकान्तमा पारेर उनीहरू चारैजना मिलेर त्यस वेश्याको हत्या गरिदियो। त्यही वेश्या पछिको जन्ममा यक्षनी भएर जन्मेकी थिइन्। उसैले गाईको रूप लिएर यो जन्ममा सुप्पबुद्धलाई मारेको थियो।

यता भिक्षुहरूले सुप्पबुद्ध कुष्ठलाई गाईले हानेर मारेको कुरा थाहा पाए। उनीहरूले यो कुरा भगवान् बुद्धलाई सुनाए। भगवान् बुद्धले पनि उनीरूलाई आमन्त्रण गर्नुहुँदै आज्ञा गर्नुहुन्छ– "हे भिक्षुहरू ! मूर्खहरूले आफैलाई शत्रु बनाएर पाप कर्म गर्छन्। त्यही पाप कर्मको नमिठो फल पछि आफैंले भोग गर्नुपर्छ।"

*सन्दर्भ श्रोत: धम्मपदट्ठकथा, मूर्ख वर्ग, सुप्रबुद्ध कुष्ठी।*

# शान्ति

**– नरेन्द्रनाथ भट्टराई**

यस विश्वब्रह्माण्डमा शान्ति नचाहने कोही पनि छैनन्। गहिरिएर हेर्ने हो भने जीवनको एकमात्र उद्देश्य पनि शान्ति नै हो। जीवमात्रले जे-जति काम कुरा गरेका छन् शान्ति प्राप्तिकै लागि गरेका छन्। मानिस त झन् सबै प्राणीमा बढी विवेकशील भएकोले यसले आफ्नो विवेक प्रयोग गरेर अनगिन्ती तरीका अपनाएर शान्ति पाउने चेष्टामा लागिरहेको छ। तर मानिसको जीवन दशा हेर्ने हो भने शायद सम्पूर्ण जीवजन्तुमा सबभन्दा बढी अशान्त मानिस नै पाइन्छ।

*चन्द्र, मंगल, शुक्र आदि ग्रहहरूमा जति नै पटक पुगे पनि, जे जति खोजे पनि, भेटे पनि मानिस अपूर्ण नै रहन्छ। जसले आफ्नो खोजी गरेर आफूमा पुग्दछ, आफूलाई भेट्दछ त्यसले पाउनु पर्ने र भेट्नु पर्ने कुरा केही बाँकी रहँदैन।*

*साभार: परमात्माको दर्शन (चिन्तनद्वारा)*

एकजना मानिस ज्यादै क्रोधी थिए। क्रोधकै आवेशमा आएर एक पटक पिट्दाखेरि तिनको स्वास्नी नै मरिन्। यस घटनाले ती क्रोधीलाई ज्यादै चिन्ता पर्‍यो। अशान्ति र चिन्ताले गर्दा तिनी यत्रतत्र छटपटिएर हिँड्न थाले। एकदिन एकजना सन्तकहाँ पुगे। ती सन्तको उपदेशको ठूलो प्रभाव उनमा परेछ। घरबार सबै ती स्वामीजीको मठलाई अर्पण गरेर आफ्नो मानसिक स्थिति र आफूले गरेका यावत् कुकृत्य सन्तलाई बताएर सन्तको चरणमा परेर यो अशान्ति अवस्थाबाट उद्धार गरिदिन र शिष्यत्व ग्रहण गरिदिन आग्रह गरे। सन्तले पनि तिनलाई शिष्य बनाएर राखे। ती शिष्यको त्याग र लगनशीलता देखेर सन्तले उनको नाम शान्तिनाथ भनेर राखिदिए। १५।२० वर्षपछि, सन्तको मृत्यु भयो। मठका सबभन्दा जेठा र सन्तका प्यारा शिष्य भएकाले तिनै शान्तिनाथ त्यो मठका मुख्य मठाधीश पनि भए। २०/२५ जना चेला पनि लगाउँदै एकदिन शहरतिर गएका थिए तिनलाई पुराना एकजना साथीले देखे। आफ्नो क्रोधी साथी महात्मा बनेर चेलागण समेत पछि लगाएर हिंडिरहेको देखेर आश्चर्य र खुसी पनि हुँदै भेटघाट गर्न भनी अघि बढे। तर शान्तिनाथले तिनलाई चिनेको नचिनै जस्तो गरेको मित्रले थाहा पाए। त्यस्ता क्रोधी मानिस कसरी महात्मा भए होलान् भन्ठानी नचिने पनि कुराकानी गर्नै पर्‍यो भनी अघि बढे। साथीले नमस्कार गर्दै सोधे, "महात्मा, हजुरको नाम के हो ?" महात्माले कड्किएर भने, "रेडियो सुन्दैनौ, अखबार पढ्दैनौ ? पत्रपत्रिका, रेडियाहरूमा मेरो नाम आइरहन्छ। मेरो नाम शान्तिनाथ हो।" एकैछिनपछि फेरि साथीले, "ओहो, महात्माजी ! मैले बिर्सिएँ, हजुरको नाम केरे, एकपटक फेरि बताइदिनु हुन्छ कि ?" भने। यो कुरा सुन्दा शान्तिनाथ आँखा तरेर, "भरखर भनेको मेरो नाम बिर्सने कस्तो मानिस रहेछ" भन्दै औंला ठड्याएर भने, "शान्तिनाथ, शान्तिनाथ, शान्तिनाथ।" "कत्तिका शान्त रहेछन् हेर्नैपर्‍यो" भनी साथीले एकैछिनपछि फेरि "ए हजुर ! मैले त भुसुक्कै बिर्सिएँ, हजुरको नाम के रे ?" भनी के सोधेका थिए, हातमा लिएको लट्ठीले हिकाईहाले टाउकोमा। "कत्ति पटक भनुँ मेरो नाम शान्तिनाथ, शान्तिनाथ भनेर।" मित्र जुरुक्क उठेर हाँस्दै, "हे मित्र ! तिम्रो नाम शान्तिनाथ भए पनि त २० वर्षअगाडिकै जो स्थिति थियो त्यही रहेछ" भनेर हिँडे।

नाम मात्रको शान्तिनाथ काम लाग्दैन। यसैगरी नारा मात्रको शान्ति पनि निरर्थक हुन्छ। अहं साथमा रहुन्जेल चाहे बीसौं, तीसौं, पचासौं वर्ष जंगलमा बसोस्, चाहे सारा शास्त्र कण्ठ गरोस्, चाहे अनेकन् ब्रत, उपवास, जप, तप गरोस् त्यस्ताले तृप्ति, सन्तोष, शान्ति पाउँदैन। ■

▲ *बुद्ध धर्म एक डुङ्गा हो, जुन भवसागर दुःख रूपी संसार पार गर्नलाई हो, पार गरिसकेपछि बोकि राख्नलाई होइन।*

*– बुद्ध (मज्झिम निकाय)*

▲ *जसले अहंभावको कारणले आफ्नो प्रशंसा र अरूको निन्दागर्छ उसलाई चाण्डल सम्झनुपर्छ।*

*– बुद्ध (वसलसूत्र)*



Downloaded from http://www.dhamma.digital

# विपस्सना (अभ्यासमा) शिष्टर दोल्हा म्येंको अनुभव

✍ अमिता धाख्वा

विपस्सना ध्यानद्वारा चित्त शुद्ध हुने क्रममा शारीरिक र मानसिक रोगहरूको पनि उपचार हुन्छ भन्ने कुरा आफूले प्रत्यक्ष अनुभव गरी अरुलाई पनि उपचार गर्दै आउनु भएका बर्मा देशका शिष्टर दो ल्हा म्यें एक कुशल विपस्सना योगी हुनुहुन्छ। आफूले जान्न पाएको विपस्सना धर्मको रसलाई बाँडेर दिनमा उहाँ जहिलेपनि तत्पर हुनुहुन्छ। उहाँ स्वास्थ्य क्षेत्रमा सिष्टर भइ धेरै वर्षसम्म आफ्नो पेशामा लागेकी हुनाले प्राय: जसो विरामी व्यक्तिहरू प्रति करुणा राखी ध्यानमा सम्मिलित गराउनु हुन्थ्यो। हस्पिटलहरूमा गई बिरामीहरूलाई ध्यान गराउनमा खुब रूचाउनु हुन्थ्यो। साधारण रोग देखि ठूलठूला रोग लागेका विरामीरूलाई विपस्सना ध्यानको महत्व बुझाएर उनीले प्रेरणा दिनु हुन्थ्यो। सही रूपमा ध्यानमा मेहनत गरी लागेकाहरूले फाइदा लिन सकेकोमा र सफल भएकोमा खुशि हुनुहुन्छ। मानसिक रोगले ग्रस्त बहुलाहरूलाई समेत ध्यान राखी सामान्य स्थितिमा ल्याउन सकेको कुरा उहाँ बताउनु हुन्थ्यो।


Sister Hla Myint

सिष्टर दो ल्हाम्येलाई घाँटीमा टच्यूमर रोग लाग्दा विपस्सना उपचार द्वारा रोग निको भएको उहाँको अनुभव कुरा घटलाग्दो छ। यसबाट हामीलाई विपस्सना गर्नमा प्रेरणा मिल्दछ।

सिष्टर दो ल्हा म्ये सन् १९३७ सेप्टेम्वरमा बर्मामा जन्मनु भएको थियो। उहाँ २१ वर्षको उमेरमा नर्स भइ स्वास्थ्य सेवाको पेशामा लागेकी थिइन्। ३० वर्षको हुंदा जर्मनमा गई मुटुको रोग (कार्डियोलोजी) सम्बन्धी अध्ययम गर्ने मौका पाएको थियो। त्यहाँ अध्ययन पूरा गरी फर्कन्दा रंगुन हस्पिटलमा कार्डायीक युनिटमा इनचार्जमा नियुक्त भइ सिष्टरको रुपमा कार्यरत भएकी थिइन्। उहाँले १९७० मे मा ३४ वर्ष हुंदा विपस्सना ध्यान शुरू गर्नु भएको थियो। त्यसबेला व्यक्तिगत समस्याले मन एकदम डिप्रेस भएर 'महासी शासन यैता' भन्ने बर्मा देशका प्रसिद्ध ध्यान केन्द्रमा ५० दिनसम्म ध्यान शिविरमा बस्नु भएको थियो। यसबाट धेरै फाइदा भएकोले ध्यानमा श्रद्धा जाग्यो र त्यसबेला देखि आफ्नो फुर्सदको समय मिलाएर ध्यान बस्नु हुन्थ्यो।

१९७३ मा सिष्टर दो ल्हा म्येंको घाँटीमा रोग शुरु हुन थालेको थियो। त्यसवेला उहाँ ३७ वर्षकी थिइन्। निल्दा खेरी अप्ठ्यारो भएकोले जचाउँदा एण्टीवायोटिक र नपोल्ने औषधि दश दिनसम्म खुवायो। तर रोग घट्नु को सत्ता झन झन बढेर आयो। डाक्टरहरूले टच्यूमर क्यान्सर हुन सक्ने भएर बायोप्सी टेष्ट गराउन सल्लाह दिएको थियो। रोगको परीक्षण गरी उपचार गर्नेतिर मन लगाउनुको सत्ता विपस्सना गर्नेतिर मन लगाउनु भयो। वहाँ स्वास्थ्य क्षेत्रमै काममा लागेको हुनाले उहाँलाई थाहा थियो यदि टच्यूमर Malignent छ भने बायोप्सी टेष्ट गराउँदा रोग बढ्न पनि सक्छ। अपरेसन अथवा रेडियम उपचारै गरेपनि रोग ठिक हुन्छ नै भन्ने ग्यारेन्टी छैन वरु त्यसको साइड इफेक्ट्ले झन रोग बढ्न पनि सक्छ। त्यस्तै रोग लागेका व्यक्तिहरू पनि आफैले देखेकोले उहाँले त्यस्ता उपचार गर्नेतिर मन लगाउनु भएन। विपस्सनाद्वारा रोगहरू उपचार हुन्छ भन्ने कुरा उहाँले ध्यान गुरु महासी सयादोको उपदेश सुनेर र ध्यानकेन्द्रमा त्यस्ता रोगीहरूको रोग निको भएको देखेकोले विपस्सनामा खुब विश्वास थियो। उहाँको विचार थियो "विपस्सना ध्यान गर्दा रोग निको हुन्छ वा हुन्दैन भन्न नसकेपनि राम्ररी कोशिस गऱ्यो भने साइड इफेक्टको सत्ता निर्वाण (दु:ख मुक्तिको अवस्था) प्राप्त हुन्छ, निर्वाण प्राप्त गर्न नसकेपनि त्यसको नजिक त पुग्न सक्छ नै।"

उहाँलाई टच्यूमर रोगसित धेरै संघर्ष गर्नु पऱ्यो तैपनि शाहासी भइ विपस्सना ध्यानमा दृढ विश्वास राखी मेहनत गर्नुभएको थियो। उहाँ बर्माका प्रसिद्ध

ध्यानकेन्द्रमा दुई महिना सम्म ध्यान बस्नु भएको थियो। दुखद समवेदनाहरूलाई जस्तो छ त्यस्तै हेर्दै जाँदा मुखबाट तातो वाफ बाहिर निस्केको महसूस भएको थियो। टयूमर पनि निकै कम भएर गयो र दुखाई कम भयो। अनि फेरी आफ्नो हस्पिटलमा काम गर्न लागिन्।

६ वर्षपछि फेरी रोग विस्तारै बढ्न थाल्यो। टयूमर बढ्दै सुपारी जस्तो ठूलो गाँठ घाँटीवाट लुटुक्कै देखा पर्थ्यो। त्यसैले फेरी ध्यान केन्द्रमा ध्यान बस्न गइन्। आफ्नो सहकर्मी साथीरूले औषधि उपचार गर्नु पऱ्यो भन्न आउँथ्यो। त्यतातिर मन नलगाई ध्यान बस्नमा संकल्प गरी ध्यानमा तल्लिन भइन्। मोलमिनको गाउँमा १ महिनासम्म दिनहुँ ६ घण्टासम्म लगातार उभिएर ध्यान बस्नु हुन्थ्यो। अर्को पेगु भने ठाउँमा एक महिनासम्म दिनहुँ ६ घण्टासम्म लगातार चंक्रमण (हिंडडुल) ध्यान बस्नु हुन्थ्यो। कहिले काहिं वादलमा हिडें जस्तो अनुभव हुन्थ्यो भने कहिले दुःखद वेदना हुने गर्थ्यो।

ध्यान अभ्यासको क्रममा घाँटीमा तिव्र वेदनाहरू सहनु पर्थ्यो। दुखेकोमा मन केन्द्रित गर्दै जांदा टयूमर हल्लिएको, घाँटीवाट छातीमा सरेको, बान्ता आउला जस्तो हुने बान्ता हुने। कहिले टाउकोबाट दुख्ने शुरु भई घाँटीमा दुख्ने, यतिसम्म वेदना तिब्र हुन्छ छुराले हाने जस्तो वेदना हुन्थ्यो। तै पनि शान्तपूर्वक जस्तो छ त्यस्तै हेर्दै जाँदा सहने क्षमता वृद्धि भयो। ध्यान गुरुवाट पनि करुणापुर्वक मार्ग निर्देशन र प्रेरणा प्राप्त भएकोले ध्यानमा उन्नति वृद्धि हुँदै गयो।

उहाँ तल्लो बर्माको तथ्यौं नजिक टाँउसां भन्ने गाउँमा रहेको विहारको इलाकामा एउटा सानो कुटीमा एक्लै ध्यान बसेको थियो। त्यहाँ बिजुलीको सुविधा थिएन र राती डरलाग्दो थियो। त्यहाँपनि दिन रात ध्यानमा कोशिस गरेको थियो। एक रात ७ बजेदेखि २ बजेसम्म ध्यान बसी पछि आँखा खोलेर हेर्दा पूरै कोठा उज्यालो भएको देख्यो र झ्याल बाहिर हेर्दा अँध्यारै थियो। कहिले काहिं अमनुष्यहरू देखिने र विलाएर जाने आदि थुप्रै घटनाहरू देखेको कुरा उहाँ वताउनु हुन्थ्यो।

१९८२ मा महासी सासन यैता ध्यान केन्द्रमा ७ महिनासम्म लगातार ध्यान गर्नु भयो। त्यसवेला वेदनाहरू सुक्ष्म हुँदै गयो महासी सयादोको छत्रछायांमा बसेर ध्यानगर्नमा अग्रसर हुँदै १९८२ में सम्ममा पूरै रोग निको भयो। यसरी ध्यानमा दृढ भई मेहनत गर्दै जाँदा रोग शान्त भएर गयो। त्यो भन्दा पनि ठूलो उपलब्धि भनेको मानसिक शान्ति हो। विपस्सना ध्यानको मुख्य उद्देश्य नै चित्त शुद्ध गरी शान्तिको अवस्था प्राप्त गर्नु हो। राग, द्वेष, मोह, मान आदि क्लेशहरूले मनलाई दुषित पार्ने हुन्छ। जब ध्यानबाट यी क्लेशहरू हट्दै जान्छ र मन परिशुद्ध हुदै जान्छ, त्यसको प्रभावले रक्त संचार स्वच्छ रूपले हुँदै जान्छ कतिपय चित्तसंग सम्बन्धित रोगहरू हट्दै जाने हुन्छ।

विपस्सना ध्यानमा रस पाएका व्यक्तिहरूमा मैत्री करुणा पनि जागेर आउने भएकोले अरुलाई पनि कसरी उपकार गरौं भन्ने भावना जागृत हुन्छ। त्यस्ता व्यक्तिहरू बहुजन हित र सुखको काममा समर्पित हुन्छन्। सिष्टर दो ल्हा में पनि अरुलाई ध्यान गर्नमा प्रोत्साहन गर्दै ध्यानमा सम्मिलित गराउनु हुन्थ्यो। उहाँ बर्मा देशमा मात्र होइन नेपाल, भारत लगायत अन्य देशहरूमा पनि गई ध्यानको प्रचारमा लागि परेका छन्। अहिले उहाँ नेपालमा हुनुहुन्छ र क्यानाडा अमेरिका, अष्ट्रेलियामा ध्यान राख्न जाने उहाँको कार्यक्रम छ।

उहाँ सिष्टर दो ल्हा म्यें जस्तो व्यक्तिहरूको नजिकमा बसेर ध्यान गर्न पाउनु ठूलो उपलब्धिको कुरा हो। वहाँवाट हामीले प्रेरणा लिनु परेको छ।

उहाँको ध्यान कार्यक्रम सफल होस्। उहाँको सुस्वास्थ्य, दीर्घायु एवं शुभमंगल कामना गर्दछु।

। भवतु सब्ब मंगलं।

> *"वास्तवमा स्वास्थ्य लाभको आशा र चाहना राख्दै विपश्यना ध्यान अभ्यास गर्नुलाई त सही विपश्यना ध्यान भन्न मिल्दैन। तर आफ्नो चित्त एकाग्र पारी चित्त शुद्ध गर्दै विपश्यना ध्यान गर्न सके स्वास्थ्य लाभ हुन सक्छ।" – सम्पादक*

> **"दुहुने वित्तिकै दूध बिग्रँदैन, बिग्रन केही बेर लाग्दछ त्यसैगरी पाप कर्मको फल (दुःख) पनि तुरुन्तै आउँदैन। पापको फलले मानिसलाई खरानीको भुतभुते रापले पिल्स्याएर पोलेझैं दुःख दिंदै जान्छ।" -धम्मपद**



Downloaded from http://www.dhamma.digital

# प्रतिपदा–४

भूषण शर्मा हुमागाई

बैनी दिदी ती दरवार रानी,
श्रद्धा र सेवा ममता सुबानी;
राम्रा सुनौला रमिता हिमानी,
झाँगीरहेका भरिला जवानी ॥
१३०

(तोटक)

गठिला तनका भरि यौवनका,
कसिला उरका हिमका चुचुरा;
भरिला उरुका लचिला कटिका,
मन मोह लिने मृगका दृगका ॥
१३१

मलिना मनका कलिका तनका,
मदमत्त बनी नव कामकला ।
मनमोह लिने सुमना वसनी,
तरुणी वयका रजती वदना ॥
१३२

कमनीय कुनै सु-कलाकृतिका,
कमलाकर झैं कबरी छहरा ।
करभोरु, कुनै कलि किन्नरका,
कलि कोमल ती कुसुमाकरका ॥
१३३

मसिना कमिला अनि कीट सबै,
विहंगादि तथा रुखपातहरू;
ऋतु आइपुगेपछि मात्र सबै,
ऋतुदान दिई र लिई यसरी ॥
१३४

जगतको क्रममा र निरन्तरता,
लिई राखिरहन्छन् चक्र धुरा ।
तर मानव यो नरही नियमी,
दिनरात रहन्छ रमी रमिमा ॥
१३५

श्रम रोपण भो मदका रसमा,
भरिपूर्ण हुँदै रतिराग घट्यो ।
रज वीर्य दुवै रसिला मलिला,
तन फुल्ल भयो, मन फुल्ल भयो ॥
१३६

जब सार्थ भयो नव केलिकला,
वसुधा तब भो सुजला सुफला ।
तन क्लान्त भयो, मन ढुक्क भयो,
थपिँदै भयरयो अब शान्त पला ॥
१३७

(मन्दाक्रान्ता)

मीठो लामो समय सुखको काटदै एक एक,
राजारानी कुशल दिनको कल्पँदैथे निमेष;
नाना भाँती मनकमलको पातमा लेखिलेखी,
बस्थे तीनै प्रणयतलमा कल्पँदै भाग्यरेखी ॥
१३८

बस्दा यस्तै सुखसयलको भोगदै ठाँटबाँट,
बित्थ्यो बेला, मन विमुख भो भोगने राजपाट;
मन्त्री मौका अलिकति मिले शोषने वन्य ग्राम,
मौका खोजी सकलजनको लुटने भारदार ॥
१३९

खोजी कोही विकट वनका फूल औ कन्दमूल,
कोही मारी विहग वनका जन्तु औ सागपात-
खान्थे, कोही विजन वनका वनय प्राणी समाती-
लान्थे बेच्थे, कतिपय भने गर्दथे खेतिपाती ॥
१४०

कोही आफ्नो श्रम पनि दिई गर्दथे किन्नुबेच्नु,
जोडी जीलो अतिशय दु:खी देख्दथे स्वप्न स्वर्ग;
डोको नाम्लो कतिपय दुखी बोक्दथे घाँसपात,
गैती काँटा गरिकन कहीं जोर्दथे एक छाक ॥
१४१

च्याइ्लोफ्याइ्लो सकल सबको दीनता नित्य वास,
मैलो धैलो तन वदनमा रोग गर्ने निवास;
यस्तो गाह्रो वन सघनमा छैन कोही सहाय,
धान्नै गाह्रो शिथिल जनको जिन्दगीको प्रश्वास ॥
१४२

डुब्दा आफू सुख सयलमा थाह केही भएन,
चाख्दा चाख्दै रति शहद यो शक्ति केही रहेन;
रैती कस्ता समयबिच छन् ज्ञान केही रहेन,
के के भो राजभवनविषे सम्झना नै भएन ॥
१४३

(इन्द्रवज्रा)

माया भइन् गर्भवती सुने,
भावी पिढीको सपना बुनेकी;
प्रजा खुशी छिन् तन सर्सरायो,
ईर्ष्या भनूँ या मन चल्मलायो ॥
१४४

माया खुशी छिन् तन झाँगिदै गो,
बाँच्ने र मर्ने भय टाँसिदै गो ।
सारा खुशी झन् सबमा पलायो,
आशा सबैमा अझ कुल्मुलायो ॥
१४५

सन्तान पैलोकन जन्मलाई,
कोलीय छोरी सब जानु धाई ।
अद्भुत् प्रथा माइत जानुपर्ने,
धाई सुसारे पनि साथ लाने ॥
१४६

देखिन् उनैले सपना विचित्र,
घामै पसोको मुखमा पवित्र;
निद्रा हरायो तब घच्छच्याई,
सोधिन् जगाई पतिदेवलाई ॥
१४७

लाग्यो अनौठो मन एकबार,
धप्क्यो खुशीले नृपको मुहार ।
बोले 'नुहाई गर धूप दीप,
जल्नेछ हाम्रो कुलको प्रदीप ॥'
१४८

आयो सुबेला अब जानुपर्ने,
लावा र लस्कर् सब लानुपर्ने;
लाग्यो तयारी हुन बन्दबस्त,
छायो खुशीले तल त्यो समस्त ॥
१४९

रानी विदामा सब शोक पारी,
लर्को सिपाही प्रहरी तयारी;
दासी सुसारे सब ठीक पारी,
प्रबन्ध केही दिनमै जुटाई ॥
१५०

सम्मान पाई सब हर्ष नारी,
हाँसी खुशी ती लिई गर्व भारी ।
नारी जहाँ इज्जतमा रहन्छन्,
ईशै उहीं बास गरी रहन्छन् ॥
१५१

आवास राम्रो जग स्वर्ग जस्तै ।
आकाशका तारक ज्योति जल्दै ॥
स्वप्ना मुखैमा रविको प्रविष्टि ।
आशा सबैमा सुख-स्वर्ग सृष्टि ॥
१५२

हिक्का बलैले नित नीर रोकी,
हाँसी खुशीले नव आश बोकी ।
छोरो लिई आउन बिन्ति गर्दै,
प्रजावती भन्छिन प्रेम भर्दै ॥
१५३

'होस् स्वास्थ्य राम्रो' मनमा चिताई,
आनन्दमा भूप समीप आए ।
प्यारो गरी सुस्तरि रानि बोलिन्
हत्तार मीठो दिलबाट खोलिन् ॥
१५४

केही लजाई मुख लाल पारी,
केही रमाई मन हर्ष भारी ।
स्वामी र बैनीकन कामना दी,
हीया रमायो शुभ भावना ली ॥
१५५

हाँस्दै सबैबाट विदा गराई,
राजा फिरेथे वरसम्म आई ।
सामान पूरा भरिपूर्ण पारी,
घोडा र पाल्की गरि सब् तयारी ॥
१५६

(पञ्चचामर)

युवा भएर मेदिनी प्रफुल्ल भै सुपुष्पिता,
लता लता थुँगा थुँगा परागसाथ फुट्छिन् ।
समस्त वन्य जीवमा सिँचेर नव्य प्राण ती,
गरेर दूर जीर्णता नवीन प्राण सिँच्दछिन् ॥
१५७

पराग रागमा डुबी भुली वसन्त सन्तता,
लिई प्रफुल्ल चेहरा गरेर भू हराभरा ।
रँगाउँदै र गाउँदै खुलाउँदो जतातता,
चरी रची मिही गला सुनाउँदो लता लता ॥
१५८

गुलाबमा नयाँपन चढेर लाल शोभियो,
गुराँसमा जवाँपना घुसेर रक्त चोभियो ।
नयाँ नयाँ मुना उठी धरा फुटेर स्वर्ग भो,
वसन्तले लुटेर भू सवर्ग राज गर्दथ्यो ॥
१५९

सुबोल बोलले चरा सबै उडी कराउँथे,
सुमिष्ट चालले हवा पराग राग ल्याउँथे ।
वसन्त फैलिई यताउता प्रमाद भर्दथ्यो,
लता लता फुकी हवा वसन्त राज गर्दथ्यो ॥
१६०

सुवृद्धिको नयाँ छटा नवीन घाम देखियो,
वसन्तको यहाँ नयाँ सजीव रूप रेखियो ।
छ पात पात मस्तमा चराहरू समस्तमा,
प्रभावले सजाउँदा बनेर वाग बास्नियो ॥
१६१

नदी बनी सुनर्तकी छुलच्किँदै र बुल्किँदै,
सुनाउँछे प्रगीत त्यो छटा छटा बिखेरदै ।
सफा रुवा रुनाहरू अकाशमा यदाकदा,
उडी उडी सजाउँथे अपूर्व दृश्य सिर्जदै ॥
१६२

मुना, टुसा र आँकुरा समस्त नृत्यमा रत,
विहङ्ग दङ्ग कोयली छरेर गीत मञ्जुल ।
नवीन प्राण सञ्चिती हराभरा वसुन्धरा,
र पातमा लुकी छिपी जगाउने उषा निशा ॥
१६३

अहा ! चरा कुरा करा, करा करा करा करा
चुचुक् चुचुक् चुचुक् चुचुक् हराभरा धरा गरा ।
सुडोल मस्त पंख भै तँ नाचिदे गरा गरा,
नवीन प्राण छर्किदि गजाइदे धुजा धरा ॥
१६४

चुबुक् चहक् चिचिर्र चीं तँ नाचिदे वरीपरि,
विमुग्ध क्यै म बन्धु कि उठाइदे घरीघरि ।
सुबोल बोल छर्किदि मरक्क माथि मर्किदि ॥
१६५

सुसेल धून मन्त्रले कली बनसेर फर्किई,
सजाइदे जगत् जरा वसन्त डाल पर्किई ।
तँ आउँदा सधैं सधैं सजीव धात्रि लाग्दछ,
तँ गाउँदा बरी चरी सुषुप्त फूल जाग्दछ ॥
१६६

फर्फर पंख खोलदा सुकण्ठ बोल घोल्दछ,
प्रसून मग्न मस्त भै हवा पराग डोल्दछ ।
लुकेर पात पातमा सुशान्ति ली तँ गा तँ गा,
विमोहनी बनी जगत् सुषुप्त यी जगा जगा ॥
१६७

सुबोल ले सगौरवी सधैं सधैं यहाँ त आ,
सुकण्ठको सुमाधरी सुनूँ सुगीत सर्वदा,
सुडोल मस्त चाल ली चुबुक् चिहुँक् चुर्चुर चूँ
तला तला तँ फाल ली तँ स्वर्गको सुदूत हू ॥
१६८

नयाँ छटा सुनौलिई बनी सबै सगौरवी,
नवीनता फुलाउने अहा तिमी सुपौरखी ।
सजीवता दिई यहाँ उठाउने सुधाम यी,
जरा जगत् गराउने हराभरा सुधामयी ॥
१६९

जरा र जीर्ण वृक्ष ती लिएर डाल पल्लवी,
सिंची रसै जरा जरा नवीन प्राण सञ्चिती ।
उठेर फूल हाँस्दछन् हवा हवा हिली हिली,
विहङ्ग भृङ्ग डुल्दछन् प्रशाख शाख फाल ली ॥
१७०

कुहू कुहू छ कोयली छरी वसन्त माधुरी,
प्रशस्ति गीत छर्कदो लुकी लुकी घरी घरी ।
प्रशान्ति धून हो कि यो अपार तृप्ति हो अहो,
अधीर भै सुनाउँदो अनन्त गीत जीवनी ॥
१७१

चिसोपना पहाडको घटेर केहि तप्तता,
प्रभाव ताप बढ्दथ्यो विशाल वन्य फाँटमा ।
सुनाउँदै घुमी कतै सुमिष्ट धून बाँसुरी,
चराउँथे महीष गौ कथेर गीत बालक ॥
१७२

(इन्द्रवज्रा)

कुक्कू कतै बोलिदिने रमाई,
लुक्छे कतै ऊ क्षणमै लजाई ।
स्वर्गीय यस्तो शुभ दृश्य हेर्दै,
रानी गइन् माइत मक्ख पर्दै ॥
१७३

बाटो दुवैतर्फ रमाइला ती ।
बग्छन् कतै निर्झर, पुष्प घाटी ॥
शोभा हिमाच्छादित टाकुरा ती ।
कुद्छन् कतै शावक झाड नाघी ॥
१७४

बाङ्गो र टिङ्गो पथ नागबेल,
नाना फलै ली तरुको सुखेल ।
बेली चमेली, खगको सुसेली,
टाढा समीपै मृगको सुबोली ॥
१७५

खोला बगेका जल ाल पारी,
प्राणी चलेका पग सुस्त पारी ।
हेर्दा सबै जीवनमा रमेका,
आत्मा रसाई सबमा भिजका ॥
१७६

सूर्यास्तको मोहक दिव्य शोभा,
यात्रा बनी कष्ट थकान हो वा ।
डुब्दो रवि त्यो सबले निहार्थे,
आश्चर्य मानी सबले बिचार्थे ॥
१७७

लाली सबैमा सुन पोखिए झैं,
पारी सुनौलो जगतै रछायो ।
चोर्थ्यो हवाले सुपराग-रेणु,
फिर्थे घरैमा सब कामधेनु ॥
१७८

पुग्दा नपुग्दै सब शाल वन्मा,
के के कुरा याद गरेर मन्मा ।
आज्ञा गरिन् भेट गरी सबैमा,
बस्ने भइन् रात उही वनैमा ॥
१७९

क्रमशः......




Downloaded from http://www.dhamma.digital

*सहभागी–*

अस्ति त छलफल कार्यक्रम संचालन हुन सकेन नि । किन होला ?

*आयोजक–*

त्यस दिन "घ्यो चाकु संल्हू" माघे संक्रान्ति पऱ्यो नि । फेरि यसपाली माघमा थुप्रै पानी परेर ठाउँठाउँमा हिउँ परेर जाडो निकै चढेको थियो । त्यसैले पनि होला हाम्रो मेघदूतजीले जाडो मान्नुहुँदै अल्छी गर्नु भएछ । उहाँ ढीलो आइपुग्नु भएको र सहभागीहरू पनि कार्यक्रममा ठीक समयमा आइपुग्नु भएनछ । जे होस् आज त ठीकै समयमा कार्यक्रम संचालन हुन पायो । अब यहाँहरू कुन विषयमा छलफल गर्न चाहनुहुन्छ क्यारे ?

*सहभागी–*

अरु त के कुरा गरौं खै । आजभोली चर्चा चलिरहेकै विषयमा कुरा गरौं न । हिमाल टाइम्स् नामक अंग्रेजी अखवारमा बुद्धको जन्म नेपालको लुम्बिनीमा होइन भारतको उडिसामा हो भनी छापि दिएछ । यहीकारणले वाद विवाद खडा भई बेकारको अशान्ति मच्चिएको रहेछ ।

*आयोजक–*

यो त अज्ञानताले भरिएको समाचार पऱ्यो नि । किनभने लुम्बिनीमा सिद्धार्थ गौतमको जन्म भएको होइन भन्नु त व्यर्थको कुरा हो नि । बुद्धले भन्नु भएको छ, मूर्खहरूसंग वाद विवाद गरिरहनु व्यर्थ हुनेछ । लुम्बिनीमा सम्राट अशोक आउनु भई **"हिद बुधे जाते"** भनेर शिला स्तम्भ प्रमाणको रूपमा गाडिएको छँदैछ । मूर्खतापूर्ण कुराहरूमा वादविवाद गर्नु नै व्यर्थको कुरा हो भन्ने विषय सम्झाउनका लागि हामीले बर्माको एक घटना प्रस्तुत गर्छु है त ?

दुईजना साथीहरू बिच सोमवार र मंगलबार विषयमा विवाद चलेछ । एकजनाले भन्यो आज त सोमवार हो । अर्काले क्यालेण्डर हेरिसकेपछि ठोकुवा गर्दै भनेछ । आज त मङ्गलवार हो । दुबैजनाको वाद विवादले उग्र रूप लिनपुगेछ । फलस्वरूप यी दुवै बिच मुख मुखले मात्र होइन हाताहात भई मुक्का मुक्की नै चलेछ । दुबै जना न्याय माग्न अदालत पुगेछ । सबै कुरा सुनिसकेपछि न्यायाधीशले क्यालेण्डर हेर्दै मंगलवार हो भन्ने व्यक्तिलाई मुद्दामा हराइदिएछ । त्यसैले क्यालेण्डर हेरिसकेपछि मंगलवार भनी ठोकुवा गर्ने व्यक्तिले प्रतिवाद गर्दै भनेछ "न्यायाधीश ज्यू ! यो त सरासर अन्याय हुनपुग्यो म प्रति ।"

न्यायाधिशले भन्यो– सोमवार भन्ने मान्छे मूर्ख रहेछ । तिमी भने क्यालेण्डर हेरेर आज मंगलवार हो भनेर थाहा पाउँदा पाउँदै पनि उक्त मूर्खसंग किन वाद विवाद गरिरहेको होला ? त्यसैले मंगलवार भनी सही कुरा बोले पनि मूर्खसंग वादविवाद गरिरहेको कारणले सहीकुरा बोलेपनि महाशयज्यू तपाई हार्नु भएको छ । ठीक यसरी नै बुद्ध जन्म भूमी लुम्बिनी होइन भारतमा हो भनी गरिहेको बेकारको तर्कमा हामी अल्झिरहनु ठीक छैन ।

*सहभागी–*

श्री ५ महाराजाधिराज ज्ञानेन्द्रलाई हालै हिन्दू सम्राट पदवीबाट विभूषित गरिएको भन्नु नै मौसुफ हिन्दुहरूको मात्र राजा र अन्य अहिन्दु नेपालीहरूको राजानै होइन भन्न खोजिएको हो कि कसो ? यो कुरो अलि बुझिएन । हिन्दुस्तानका अधिकांश मानिसहरू हिन्दूहरू भएकाले मौसुफलाई (भारतको होइन) हिन्दूस्तानको सम्राट भन्न खोजिएको हो कि कसो ? यसरी श्री ५ को दर्जा घटाउने कार्य हुन पुगे जस्तो लाग्यो नि यहाँ ?

*आयोजक–*

यो विषयमा हामीले बढि छलफल गरी टाउको नदुखाऔं ।

*सहाभागी–*

यस विषयमा छलफल नगर्ने हो भने यही सिलसिलामा छलफल गर्न त मिल्ला नि । हिन्दू महासंघको तर्फबाट श्री ५ ज्ञानेन्द्र सरकारलाई हिन्दू सम्राट पदवीले विभूषित गरेको समारोहमा भिक्षुहरूले पनि भाग लिए भन्दै केन्द्रिय दायक परिषदले किन विरोध जनाएका नि ? के त्यस कार्यक्रममा भिक्षुहरूले भाग लिन हुन्न र ?

*आयोजक–*

हाम्रो विचारमा भाग लिन नै हुन्न भन्न त मिल्दैन । किनभने त्यस कार्यक्रममा थुप्रै अन्य धर्मावलम्बीहरूलाई पनि निम्त्याइएको थियो बौद्धहरूलाई मात्र होइन । फेरि अर्को कुरो यस कार्यक्रमले बौद्ध धर्म हिन्दू धर्मको शाखा हो भनेको पनि त होइन नि । धम्मवती गुरुमांले स्पष्ट रुपमा भन्नु भएको थियो "बुद्ध धर्म हिन्दू धर्मको शाखा हो भन्ने शब्द नबोल्नुस् । हिन्दू धर्म भन्ने ठाउँमा सनातन धर्म भन्नु बेश हुनेछ । धम्मवती गुरुमाँको यस सुझावले हिन्दूरूको सभामा मतभेद भएछ । कसैले सनातन धर्म भन्नुलाई ठीक ठानेछ भने कुनै कट्टर पन्थीहरूले हिन्दू धर्म भन्न नै रुचाएछन् । लौ त हिन्दू सभाको कार्यक्रममा बौद्ध भिक्षु भिक्षुणीहरू सहभागी भएको कारणले हाम्रो कार्यक्रममा पनि यति भएपनि चर्चा गर्न पायौं । ठीकै भयो ।

*सहभागी–*

आज राम्रा विषयहरूमा छलफल भएको छ । हाम्रो शंका पनि निवारण भयो । यसरी मेरो गोरुको बाह्रै तक्का भन्दै जिद्दीपनामा अडिग रही कराईरहनु र विरोध गरिरहनु मेरो विचारमा पनि ठीक देखिदिन । समारोहमा भाग लिन गयो भन्दैमा विरोध जनाउँदै कुरा गर्दा बेकारको असहयोग र असहिष्णुता जनाएको देखिन्छ ।

जेहोस् हाम्रो छलफल कार्यक्रममा चाहिं कहिले पनि असहिष्णुता पुग्ने कुरा नआवस् । यस कार्यक्रमलाई हामीले निरन्तरता दिन सकिरहौं । यस शुभकामनाका साथसाथै हामी सबैले आजको लागि बिदा लिंदैछौं ।

ठीक यसरी नै हामी पनि बुद्ध जन्म भूमी लुम्बिनीमा होइन भारतमा हो भनी नचाहिंदो तर्क गरिएको बारेमा वाद विवाद गरिरहनु ठीक छैन । ■

## अमूल्य प्रीति

✍ हरि कृष्ण श्रेष्ठ, धरान- १२

हाँसी दिन्छौ केवल मनै रमाउने ।
हृदय बिच के छ थाहा नै नपाउने ॥
कस्तो विचित्र छ तिम्रो जीवन ।
समाजमा चिनिनु ॥
न कस्को अधिन छ न त कतै बन्धनमा ।
फुक्का छ तिम्रो स्वभाव ॥
स्वतन्त्र छ तिम्रो विचार ।
मनै रमाउने ॥
ठीक बेठीक छुट्याउने कसैले सिकाउन नपर्ने
कतै च्वास्स घोचे पनि टाढा नहुने ॥
खेलाई खेलाई हँसाई हँसाई सबैको मन ।
जित्न सफल हुने ॥
घरकी लक्ष्मी ज्ञानको ज्योति हौ ।
सबैको मुटु भित्रको ढुकढुकी हौ ॥
कस्तो जुनी लिएर धर्तिमा आएकी ।
देव कन्या हो की अप्सरा हौ ॥
बुद्ध शिक्षा सिक, सिकाउ अनि सबैलाई ।
शान्तिको ज्योति फैलाउ ॥
मार, काट, हिंसा, झगडा गर्नेलाई ।
सबैलाई तह लाउ ॥
धन्यवाद दिनेछु तिमीलाई ।
मरे पछि कृती
सबैले लगाउन खोज्छ, तिमीलाई
अमूल्य प्रीति

## सत्य वचन खः बुद्धं धाःगु

✍ आनन्द मान सिंह तुलाधर, भोटाहिटी

सत्य वचन खः बुद्धं धाःगु
पियेहि विप्पयोगो दुक्खो
योम्ह नाप बाय् मालीगु दुःख
अप्पियेहि सम्पयोगो दुक्खो
मयोम्ह नाप ह्वनाच्वने मालीगु दुःख
जातीपि दुक्खा जरापि दुक्खा
व्याधिपि दुक्खो मरणम्पि दुक्खं
थ्व प्यंगू दुःख सत्य जन्म जुक्कोसिनं
भोग चलन मयास्य मगाःगु
धैतल घोनं याःगु धकाः नं
श्रृंष्टि याई सुनाः याई वं संहार नं
नियम खः थ्व प्रकृतिं ब्यूगु
भौतिक सम्पत्ति न्ह्याको हे दःसां
अन ज्वना वनेत दैमखु छगः हे
गुलि माः ज्वना वनेत सम्पत्ति भीत
दै केवल पूण्य कर्म पिनातैगु जक
उकिं हे खः माःगु भीत बुद्धं क्यंगु छगू लँपु
थ्व लोके जक मखु परलोके तकनं
नापं ज्वना वनेगु पुण्य धन
!! चीरं तित्थतु सद्धम्मो !!



Downloaded from http://www.dhamma.digital

# सत्य धर्म म्वाये

➨ *ब.आ.राजा, युवा बौद्ध समूह, यें ॥*

मदु गवलें थ्व समाजे
सह यायेगु व मिले जुया च्वनेगु
खालि दु ल्वापु व थवं थवे हालेगु ।
स्वतन्त्र कथं थ:गुहे पहलं
म्वायेगु इच्छा दुपिंनं थन
बन्धने च्वने मालीगु ।
गजा:गु विडम्बना थ्व भ्रीगु ?
वा: चायेके माल आ:ला
मचाबले म्हितेगु कासाथें
गुलि तक्यना च्वनेगु थ्व संसारे ?
मनू थ:हे छगू संस्कार ख:
अज्ज संस्कारया जा: ग्वया:
थ: हे छाय् तकयना च्वने योगु ?
छु न्ह्याइपुसे च्वंला तक्यना: म्हितेगु ?
माक:चां थें जा: प्यना:....
कि मेपिन्तनं तक्यंके त्यनागु ?
धाथें माक:चाहे ख: छिपिं ।
उकिंहे संस्कारया जा: ग्वया:
मेपिन्तनं जा:ले क्यंकेगु
ह्व:ता: मालाच्वंगु ।
मखुसा छु थ्व देया
संस्कृति ल्यंकेगु नामे
स:स्यू धायेके त्यंगुला ?
तर विचा: यायेमा: भ्रीसं
गुम्हेसियां भ्रीगु लिकुना च्वंगु
संस्कृति क्यनेत स्वइ
वयात गुकथं स:स्यू धायेगु ?
बल्कि ख्युंगु गाले
अज्ञानताया पत्ति चिना:
क्वब्वायेत पासा मा:गु
अज्ज थ:गु धाक क्यनेत,
थ:गु वर्चश्व कायम यायेत
छगू चाल जक म्हितूगु ।
उकिं आ: बुद्धया नामे
गुगुं सम्प्रदाये तमक्यंसे
शील, समाधि, प्रज्ञाय् म्वाये
थ्व हे सत्य धर्म ख:
सत्य धर्मे म्वाये ।

यो पनि जानीराखे राम्रो हुन्छ ...

## छोइछिटो गर्नेहरूसँग बसेर खाँदा दङ्ग

पहिले पानी नचल्ने जातलाई 'छुनु हुँदैन, जात जान्छ' भन्नेहरूसँगै बसेर खाना खान थालेपछि उनीहरू अहिले दङ्ग परेका छन् ।

'ढल्केबरका गाउँघरमा दमाई, कामी, सार्कीलाई ठूला जातिले घरको दलानसम्म टेक्न दिँदैनथे, आँगनको एउटा कुनामा बस्नुपर्थ्यो पहिले, पानी भर्दा इनार, धारा वा कुवा नजिकसम्म पनि जान पाइन्नथ्यो, तर अहिले युवापिँढीका ठूला जाति भनिनेहरू र हामी सँगै खान्छौं, घनिष्टता बढ्दै गएपछि छुवाछूतको भावना नै हराउँदै गएको छ', ढल्केबर-३ मा कपडा सिएर जीवन धान्ने टीकाबहादुर परियारले खुसी हुँदै भने ।

सोही गाउँका खड्गसिंह लुहागुन भन्छन्– 'पहिले ठूला भनिनेहरूको हामीलाई मठ-मन्दिरमा गएर पूजा गर्न दिँदैनथे, तर अहिले हामी बिनाथुनछेक निर्बाधरूपमा मठ-मन्दिर गएर पूजा गर्छौं, हात मिलाउँछौं र सँगै बसेर खान्छौं ।'

मात्र २ हजार ७ सय ३५ जनसंख्या 'दलित' भनिनेहरूको रहेको जानकारी दिँदै नेपाल दलित जनमुक्ति परिषद्का अध्यक्ष लक्ष्मण बराइली भन्छन्- 'बजार क्षेत्रमा छुवाछूत, सानोठूलो र जातपातको भेदभाव हराउँदै जानु हाम्रा निम्ति उपलब्धिपूर्ण कुरा हो, गाउँघरतिर पनि हाम्रो जातिहरूप्रति गरिने व्यवहारमा भिन्नता देखिन थालेको छ ।"

समाजमा छुवाछूटको भावनालाई पन्छाएर समान व्यवहार गर्ने व्यवस्था भए पनि शिक्षाक्षेत्रमा दलित भनिनेहरूका निम्ति छुट्याइएको छात्रवृत्तिको बजेट जनजातिलाई दिने, छात्रवृत्ति पाउनुपर्नेले नपाउने प्रवृत्ति बढ्दै गएकाले प्रत्येक विद्यालयको व्यवस्थापन समितिमा एक जना दलित भनिने जातिको प्रतिनिधित्व गराएको खण्डमा सो प्रक्रिया अन्त्य हुने महोत्तरी किसाननगर-१ का चेतमान लुहागुन भन्छन् ।

दलितहरूका निम्ति काम गर्न स्थापना भएका गैरसरकारी संस्थाहरूको कार्यशैलीप्रति असन्तुष्टि व्यक्त गर्दै चेतमानले समाजमा विद्यमान् रूढीवादी संस्कार पूर्णरूपले अन्त्य नभएसम्म दलित भनिनेहरूको समस्या यथावत् रहन्छ, गैससहरूमा दलालहरूको बिगबिगी भएकाले कामभन्दा स्वार्थगत फाइदातर्फ बढी लम्किएकाले निम्न आय भएकाहरू अझ पीडित भएको बताए ।

केही ग्रामीण इलाकाहरूमा छुवाछूतसम्बन्धी समस्या यथावत् रहेकाले सार्वजनिकस्थल इनार धारालगायतका ठाउँहरूमा पोस्टर टाँस्ने, वाल-पेन्टिङ गर्ने योजना र सहभोजको समेत आयोजना गर्ने तयारी भइरहेको नेपाल दलित जनमुक्ति परिषद्का अध्यक्ष बराइली बताउँछन् ।

*– माधव पोखरेल, ढल्केबर, धनुषा*

# नमोबुद्ध शैक्षिक भ्रमण

✍ **बिनीता बादे**, बाल आश्रम ध्यानकुटी, बनेपा

अब विस्तार विस्तारै दायाँ बाँयाका गरा र पाखाहरूमा लहरै झ्याम्म झ्याम्मिएका सुन्तलाका रूखहरू देखिन थाले । तब सम्म हामीले बनेपा त्रिभुवनचोक हुँदै पनौती नगरपालिकालाई समेत छोडिसकेका थियौं । त्यो गाडी पुरानो शैलीको र जीर्ण भइसकेको थियो । एक वृद्ध मानिस हिंड्ने बेला दम बढे जस्तै गाडीको गति कमिलाको चालमा सुस्तरी चलिरहेको थियो । बाटो ज्यादै साँगुरो थियो । त्यसैले होला काठमाडौंमा कमिलाको ताँती गुडे जस्तै यहाँ गाडीको ताँती गुडिरहेको थिएन । बाटो पनि आधा भन्दा बढि कच्चिनै थियो । धुवाँ नउडे पनि धुलो चाहिं उडिरहेकै थियो । समय समयमा गाडी घोडा झैं उफ्रिने गर्थ्यो । कहिले त सातो नै लिने गर्थ्यो त कहिले चाहिं रमाइलो खेलको अनुभव हुन्थ्यो । गाडीको झ्यालबाट देखिने आलु गहुँ र तोरीबारीलाई नियाल्दा त्यहाँका वासिन्दाहरू ज्यादै परिश्रमी, मेहनती देखिन्थे । बाहिरी दृश्य अवलोकन गर्दा त्यहाँका मानिसहरूको प्रमुख आय स्रोतको पेशा नै गाई बाखा, खसी जस्ता पशुपालन र सुन्तला, धान, गहुँ, तोरी आदि खेतीगरी कृषी व्यवसाय चलाइरहेका देखिन्थे । सुन्तलाको अत्यधिक उब्जनी देखिएपनि यसको विक्री वितरणको लागि आवश्यक ढुवानी सुविधा भने देखिएन । यसको प्रमुख कारण नै यातायात सुविधाको समस्या देखियो । पहिले उपलब्ध भइसकेको दूरसंचार लाइन समेत काटिसकेको ज्यादै विकट स्थान रहेछ । नदीहरूमा जथाभावी नुहाईधुवाई गरेर फोहर मिल्काई राखेको, डाँडाका हरिया रुखहरू काटिएका देख्दा त्यहाँका बासिन्दाहरूमा शिक्षाको कमी रहेको लख काट्न सकिन्छ ।

बिस्तार बिस्तारै हामी केही घरहरूको बीचमा रहेको खाली ठाउँमा पुग्यौं । आँगन जस्तो देखिने त्यो ठाउँ त बस पार्क पो रहेछ । हुन पनि जाबो एउटा गाडी राख्नको लागि कति नै स्थान चाहिन्छ र ? पालै पालो हामी सबै बसबाट ओर्लियौं । वरपर केही घरहरू र दुईवटा जति पसलहरू देख्यौं । पाखाका जग्गाहरूमा झ्याम्म सुन्तला फलेको रुखहरू थिए । यी दृश्य देख्दा त मुख नै रसायो । अब हाम्रो लक्ष त ऊ ... ... त्यो पहाडको टाकुरामा पुग्नु थियो जहाँ गौतम बुद्धको पूर्वजन्मको ऐतिहासिक ताजा पक्ष लुकेको थियो । उहाँले पूर्वजन्ममा राजकुमार महासत्त्व भई एउटी बघिनीलाई आफ्नो प्राण अर्पण गरी जीवन बचाउन मद्दत गर्नु भएको थियो । यही पक्षको सत्य तथ्यले गर्दा नमोबुद्ध स्थान प्रसिद्ध हुन पुगेको हो ।

उकालो, घुमाउरो पहाडहरू चढ्दै, थकाई मेट्दै पहाडबाट देखिने बस्तीका चिटिक्क परेका सुन्दर पराले छानाका घरहरू, पाताका बारीहरू, सुन्तलाले झ्याम्मिएका रूखहरू तर्फ नजर डुलाउँदै वन बीचको सून्य शीतल बाटोबाट केही चैत्यहरूको माझमा पुग्यौं ।

वि.सं. २०५४ सालतिर काठमाडौं वासीहरूद्वारा मन्दिरको प्रतिस्थापन गरिएको त्यस ठाउँमा सानातिना पसलहरू र सानो बसाई देखिन्छ । चैत्यको दर्शन गरेपछि फेरि पहाड चढयौं । बीच बाटोको छेउछाउ हरियालीले छाएको थियो । पैदल यात्रामा आनन्द अनुभूति भइरहेको थियो । तर त्यस बाटोको वरपर मानिसहरूले मिल्काएका चकलेट, चाउचाऊ, र बिस्कुटका खोलहरूले भने एउटी सौन्दर्यशाली युवतीको अनुहारमा दाग लागे जस्तै देखिन्थ्यो । मानिसहरूका यस्ता स्वार्थी क्रियाकलापको पक्षमा नजर लगाउँदै हामी राजकुमार महासत्त्वले बघिनीलाई आफ्नो मासु काटेर खुवाइराखेको प्रस्तर मूर्ति भएको स्थानमा पुग्यौं । त्यहाँ वरपर केही कलाकृतिले भरिएका गुम्बाहरू थिए । केही बनिरहेका थिए । त्यहाँ महायान भिक्षुहरूको बसोबास थियो । त्यसको पश्चिमी दिशातर्फ रहेको राजकुमारले महासत्वले प्राण त्याग गर्नु भएको ठाउँमा पुग्यौं । त्यहाँ त अस्थिधातुमाथि चैत्य बनाइएको थियो ।

त्यहाँको एक लेख अनुसार–

भगवान गौतम बुद्धको पूर्व जन्ममा उहाँ महासत्त्व (ङिड्दुई छेम्पो नाम गरेको) राजकुमार हुनुहुन्थ्यो । राजकुमारले एउटी रक्तस्राव र भोकले अशक्त भएकी बघिनीलाई आफ्नो शरीरको मासु आफैले काटेर रगत पिलाएर बघिनी र ५ वटा डमरूहरूको ज्यान बचाउन प्राण दान दिनु भएको थियो । त्यसपछि मात्र उहाँ लुम्बिनीमा सिद्धार्थ भई जन्मनु भएको ऐतिहासिक पक्षलाई जानकारी गराइएको छ ।

यी नै जानकारी लिंदा आफू स्वयमलाई त्यस अवस्थाको झलक नजरमा आए जस्तै लाग्यो । नमोबुद्धको भ्रमणबाट गौतम बुद्धको ऐतिहासिक पक्षको ज्ञान हुने, त्यहाँको रमणिय वातावरणिय पक्ष, शंखुवासीहरूको आर्थिक, सामाजिक जनजीवनको अवस्था, यातायात तथा सञ्चारको आपूर्ति र शिक्षाको नितान्त आवश्यक देखियो भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

नमोबुद्धको ऐतिहासिक पक्षमा भुल्न हरियाली वातावरणमा भिज्न र यथार्थ पहाडी जीवनको अनुभव गर्न हामी सबै एकपटक नमो बुद्ध भ्रमणमा सरिक होऔं । ■



Downloaded from http://www.dhamma.digital

# प्रज्ञाया क्षेत्रय् न्हूगु आयाम

✍ धर्ममान नेवाः

नेपाल भाषां नवग्रन्थसुत्रया अनुवाद व प्रकाशन क्वचाःगु उपलक्षस आर्य अष्टसाहस्रिका प्रज्ञापारमिता ग्रन्थ विमोचन सभाय् यलया हिरण्यवर्ण महाविहारया आजु श्री आशाकाजी वज्राचार्य पाखें प्रज्ञापारमिता सफू न्हापाँगु सेसने विमोचन जुलधासा निगूगु सेसने विभिन्न व्यक्तित्व पाखें कार्यपत्र न्ह्यब्वगु सभाय् लोटस रिसर्च सेन्टरया सदस्य सचिव श्री हेराकाजी वज्राचार्य जुं अष्ट साहस्रिका सफू म्हसिका व नवग्रन्थया सार व बौद्ध संस्कृतिई उकिया प्रभाव बारे ब्याख्या नापँ डा. बिजयराज वज्राचार्य पाखें प्रज्ञापारमिताया सार बिषयक कार्यपत्र प्रस्तुत जूगु ख । श्रीशाक्यमुनि गौतम बुद्धया न्हापांगु देशना-धर्मचक्र प्रवर्तन-ऋषिपत्तन मृगदावने (सारनाथ) अषाढ पुन्हीया संन्ध्याइले याना बिज्यागु खः । सम्बोधिज्ञान प्राप्त जुसांनिसें महापरिनिर्वाण तक्क-४५ दं तक्कया धर्मदिशना, न्ह्यसः लिसः व सूत्रपाठ आदि इत्यादीया समुह त्रिपिटक खः । सम्पुर्ण त्रिपिटके ८२ दो शिद्धार्थ गौतम बुद्धयागु व २ दो स्कन्ध प्रमुख शिष्यपिंगु (सारिपुत्र, आनन्दस्थविर आदी) शिक्षा दु । सम्पुर्ण ८४ दो स्कन्धयात धर्मस्कन्धधा, शिक्षापद धा अथवा त्रिपिटक धा खँ वहे ख ।

सिद्धार्थ गौतम बुद्ध कुशीनगरे महापरिनिर्वाणया लच्छि लिपा महाकाश्यपया नेतृत्वे गौतम बुद्धया ५०० म्ह प्रमुख शिष्यपिं मिले जुया धर्म शुद्ध रूपे सुरक्षित याय्गु आज्जुकया सामुहिक संगायन याय्माःगु खँ कोज्यूगु ख । धर्मया न्हापाँगु पक्ष सैद्धान्तिक पक्ष अर्थात परियत्ति; निगूगु पक्ष ब्यवहारिक पक्ष वा प्रायोगिक पक्ष पतिपत्ति धका भ्रीसं स्यु । न्हाँपागु धर्म संगीति राजगृहे अजात सत्रु जुजुया संरक्षणे गौतम बुद्ध महापरिनिर्वाणया स्वला लिपा सम्पन्न जुल । थुगु धर्म संगीतिई शिद्धार्थ गौतम बुद्धया वचन छपुच यात । ध्व संगीतिया सभानायो महाकाश्यप स्थविर ख, सभाय् भिक्षु उपाली विनयपाठ यात धाःसा आनन्द स्थविरं सुत्र (धर्म) पाठयाःगु खँ उल्लेख जुयाच्वंगुदु । ध्व संगीतिई ५०० म्ह अरहंत पिन्सं ब्वतिकाःगु व न्हेला तक्क संचालन जूगु खं उल्लेख दु । दीघ निकाय अट्ठकथाया निदान कथासं 'धम्म' शब्दया प्रयोग सुत्र व अभिधर्मया लागी जुयावल । निकोगु धम्म संगीति शिद्धार्थ गौतम बुद्धया महापरिनिर्वाणया सच्छिदं लिपा वैशालीया बालुकारामे कालासोक जुजुया संरक्षणे जुल । विनय (नियम) या खँय् बिवाद जूगुलिं संगीतिया आयोजन जूगु ध्व संगीतिया नायो रेवत स्थविर ख । ध्व संगीतिस ७०० भिक्षुपिसं भाग काःगु खँ विपश्यना विशोधन विन्यास, धम्म गिरि, इगत पुरी महाराष्ट्र भारतं देवनागरी लिपिं प्रकाशित त्रिपिटक धम्मगिरि पालि ग्रन्थमाला) स उल्लेख जुया च्वंगु दु । सिंहली लिपिं छापे यानां तवगु त्रिपिटक ग्रन्थ यलया अक्षेश्वर महाविहार स्थित पुस्तकालयले संकलित जुया च्वंगुनं दु ।

स्वकोगु धम्म संगीति २३२९ दं न्ह्यो (३२६ ई पुर्व) पाटलिपुत्रया अशोकाराम विहारे सम्राट अशोकया संरक्षणे जुल । मोगलिपुत्र तिस्स नायोजुया सम्पन्न जूगु ध्व संगीति गुला तक्क न्ह्यात । थुगु संगायन धुंका सम्राट अशोकं बुद्ध धर्म प्रचारया लागी गुंगू समुहया धर्मदुत परिषद दयका बिभिन्न देश प्रदेशे छ्वगु खः । २९ ई. पुर्व न्हयो श्रीलंकाय् वट्टगामिनीजुजुया आयोजनाय् प्यकोगु संगीति जुल । ५०० विद्वान स्थविर पिन्स भाग काःगु व महाथेर रक्खितया अध्यक्षताय् जूगु खः । थुकि सम्पूर्ण त्रिपिटकया संगायन यानांलि न्हापां लिप्यंन्तरित यात । ध्वईलं लिपा "वैपुल्य, पुर्वशैलिय, अपर शैलिय, राजगिरी, व शिद्धार्थक धैगु न्यागु सम्प्रदाय विकशित जुसेंली महायान सिद्धान्तया उत्पत्ति जुल । ................ परन्तु महायाने क्रमशः तन्त्रयान, मन्त्रयान, वज्रयान जुया वल" धैगु धापू श्रीधर्मरत्न शाक्य 'त्रिशुली' या वज्रयान छगु परिचय धैगु लेखँ कना तःगु दु । "महायानया अर्थ सामान्य रूपं फैले जुयाच्वंगु लँपु (पथ) वा बृहत मार्ग खः । स्थविरवादया अन्तिम लक्ष अर्हत पद प्राप्ति खः । - गुगु सत्वया एकांगी मुक्तिमार्ग खः । उकी लोक कल्याणया भावना यक्व कम मात्राय् जक्क दु । उकिं हे ध्व अल्प वा लघुमार्ग ख........ महायानया उद्भव जुई न्ह्यो बौद्ध बौद्धोत्तर फुक्क दर्शनय् स्वमुक्ति हे परम पुरुषार्थ एवं जीवनया लक्ष माने यानां तःगु ख । ............ लोक परायणता, समाजोन्मुख व सत्वपिनिगु सेवा हे महायानया विशेषता ख ............ साप्‌ समानम्ह बोधिसत्व माभ्री समानम्ह बोधिसत्व व जुजुया सदृशं अधिकार प्राप्त जुजु समानम्ह बोधिसत्व जुई धुंका दकलें न्हापां थःम्हेसितिनं शक्ती सम्पन्न जुइकेमा" धका डा. विजयराज वज्राचायजूं थःगु कार्य पत्रे धैबिज्यागु खः । शिद्धार्थ गौतम बुद्धया इलेया घटना

लुंमना वइबले प्रतिद्वान्दात्मक स्वभाव क्यनां वंम्ह देवदत्त चरित्र नं मनूयारूपे वोगु खं लुमंका भीगुचित्तयात सदां सम्प्रज्ञानी जुयेत आर्य अष्टांगिक मार्ग भीगु न्ह्योने क्यनां बिज्यागु लुमंका चित्तयात बसे तया भीगु शरिरया अनित्य स्वभावयात खंकेमा । अले तिनि "समाहितो, सम्पजानो, सतो बुद्धस्स सावको" धा:थें ज्वीफै । विपश्यना साधना अभ्यास मयायकं लगातार संम्प्रज्ञानी जुई धैगु असंम्भवप्राय ख: । "गुलिधर्मजिं थुइका: कनागु ख:, सकलें मिले जुया विवाद मयासें अर्थ सहितं संगायन या- थुकिंयानां ध्व धर्माचरण चीर स्थायी ज्वी" धका सिद्धार्थ गौतम बुद्धं धैविज्यागु संस्मरण याय्मा । छाय् धा:सा वृद्ध अवस्थाय् प्रव्रजित जूम्ह भिक्षु सुभद्रं थ:गु मचा बुद्धिया कारणं शिद्धार्थ गौतम बुद्ध निर्वाण जुइगु खं न्यनेवं थथे धाल **"सुमुत्ता मयं तेन महासमणेन उपद्दुत्ता च होम-इदं वो कप्पति इदं वो नकप्पतीति"** अर्थात् "आ भी विल्कुल मुक्त जुई व महाश्रमणं न्ह्यावलें ध्व याय्मज्यु, व याय्मज्यु धाइगुलिं भी पिडीत जुया च्वँने मालीई मखुत, भी गथे मतिई वल अथेयाय् गथे मंमदु व याय् मखु ।" थुकिं भीत अल्पज्ञान (प्रज्ञा) या कारणं पथ भ्रम ज्वी फैगु पाखे सजग या ।

सिद्धार्थ गौतम बुद्ध परिनिर्वाण जूगु थौ २५४७ दं दयधुंकल । वंगु शताब्दिई जक्क निको विश्व युद्ध जुइ धुंकल, क्याम्बोडियां, भियतनामे लाखौं मनुत ल्वापुई लानां सित । अफ्रिका महादेशे थ: थवे ल्वानाँ च्वंगु थौं म्हिग मखु । इजरायल व प्यालेष्टिनीया ल्वापु येसुक्रिष्टया न्ह्यो निसें अनवरत रूपं जुया च्वंगु दु धा:सा महायानया उदभव न्ह्यो बौद्ध बौद्धोत्तर दर्शने स्वमुक्ति हे परम पुरुषार्थ एवं जीवनया लक्ष माने याना वनेगु सिवाय्, लोकपरायणता, समाजोन्मुखता व सत्व पिनिगु सेवा महायानया विषेशता ख: सा आर्य अष्टाङ्गिक मार्गया सम्यक आजीविका, सम्यक कर्मान्त आदी मेमेगु वाद ज्वना च्वंपिं मनुतयसँनं ग्रहण याना च्वंगु खने दु । अथे ख:सां संसार त्याग मयाय्गु व्रत धका ध्व मनूया जन्मेहे मयात धासा मेगु जन्मे छु ज्वी भीसं धाय्मफुगु अवस्था अलग्ग हे दनि । संसारया दोषं लिप्त मजुसे, संसारे च्वना सत्व प्राणियागु कल्याणया लागी संसार त्याग मयाय्गु व्रते गुलि च्वनां वन मवंन धैगु खं मेगु हे जुल ।

संयुक्त राज्य अमेरिकां प्रकाशित ४ गु दशक न्ह्यो यागु विश्व कोषे भीगु विश्व जनसंखया २ अरब ५० करोड धयातल । आ ध्वहे विश्वया जनसंख्या लगभग ६ अरब ध्यंने धुंकल । थोमस रोवर्ट माल्थसं धा:थें गरीबी व जनसंख्या बढे जुया हे वंगु खनेदु धा:सेंलि सुत्र पिटकया धम्मपद-मार्गवर्गे (२७६) धाथें "तुम्हेहि किच्चं आतप्पं, अक्खातारो तथागता पटिपन्ना पमोक्खन्ति, भायिनो मारवन्धना" अर्थात ज्या भीसंहे याय्मा तथागतं लँ क्यना बिइगु जक्क ख; व लंपुई वनेत ध्यान अभ्यास यायां मारया बन्धनं मुक्त ज्वी मफुत अथवा बोधिसत्व, अरहत, सकृदा गामी, स्रोतापन्न पिन्स वंगु लँपु ज्वने मफुत धा:सा भी मनु जन्म कयाँ नं प्रयत्नरत मजूसा भीहे जक्क वारीं मथ्यौं पारीं मथ्यौं ज्वी सिवाय मेगु जन्म धैगु अनन्त जन्म जन्मान्तरे वनेमाली । आ शिद्धार्थ गौतम बुद्धं धैवंगु लं ज्वनेत पारमी, पारमिता वा प्रज्ञापारमिता अध्ययन मनन् मयासे वहे सुका वहे मुलु थें नेपाया प्राचिन बाहा, बही व महाविहारे मुर्तियात ख्वासिइका, सिन्ह तिइका, स्वाँछाया प्रभात कालनि पुजा अर्चना यानां गँ थाना च्वाँमोलं गायका षट पारमिता स्लोक पाठ जक्क याना थुकिया अर्थ भीसँ थुइका काय्गु प्रयत्न मयात धा:सा "मुस्या बुँई वनेमाम्ह भुति बुँई वने" धा:थें जक्क जुई ।

नेपाल भाषा भाषीजनपिनिगु लागी सर्वसुलभ जूवोगु ग्रन्थ अध्ययन यानां पारंगत ज्वीगु लागी भी हे अग्रसर ज्वीमा । मेपिंसत्वपिन्सयानाँ छुं ज्वी मखु । बुद्ध धर्म व उकी उल्लेखित प्रज्ञाज्ञान सकलयात उपलब्ध जुइमां धैगु आशिका नापं लोटस रिसर्च सेन्टरया दुज: सकल यात साधुवाद अर्पणयाना । ■

✿ धर्मप्रचार ✿ — **समाचार**

## निम्ह गुरुमांपिं दिवंगत जुयाबिज्यात

२०६० माघ २४ गते निक्खमवती गुरुमाँ देहावसान जुयाबिज्या:गु समाचार दु । वसपोल किण्डोल स्थित निर्वाण मूर्ति विहारय् च्वनाबिज्या:म्ह ख: ।

अथेहे २०६० फागुण ६ गते वण्णवती गुरुमाँ देहावसान जुयाबिज्या:गु समाचार दु । वसपोल भारतया कुशीनगरय् प्रव्रजित जुया बिज्या:म्ह ख: ।



Downloaded from http://www.dhamma.digital

## मिलिन्द प्रश्न

रिपोर्टर- श्यामलाल चित्रकार।

हरेक महिना झैं माघ महिनाको दोश्रो शनिश्चर बार १० गतेका दिन श्रद्धेय भिक्षुणी धम्मवती गुरुमाँले 'मिलिन्द प्रश्न' विषयमा यसरी ब्याखा गर्नुभयो–

धर्म सम्वन्धी मिलिन्द राजाको शुक्ष्म र जटील प्रश्नहरूको उत्तर नागसेन भन्तेले उदाहरणहरू सहित रोचक र सरल ढंगले दिनुभएको कुरा मिलिन्द प्रश्नमा उल्लेख गरिएको छ । मिलिन्द राजाको सहायक अनन्तकायले 'नागसेन' भन्नाले भित्र वाहिर गरिरहने जीव वायुलाई बुझ्दछ भन्ने गलत विचारलाई नागसेन भन्तेले शंख फुक्ने र बाँसुरी बजाउने उदाहरण दिई श्वास फेर्नु साधारण शारीरिक कार्य मात्र हो जीवन होइन भनि अभिधर्मको शिक्षानुसार सम्झाउनु भयो । कर्म, चित्त ऋतु र आहारको कारणले सत्व प्राणीहरू वाँची रहने, मृत्यु हुने र पुनरजन्म भइरहने हुन्छ। जब सम्म क्लेशहरू रहन्छ, तवसम्म जन्म भइरहन्छ । निक्लेश भएपछि फेरि जन्म लिनु पर्दैन।

चित्तलाई निर्देशित गर्ने कार्यलाई मनसिकार भनिन्छ । ठिक ठाउँमा ठीक तरिकाले चित्त लगाएमा योनिसोमनसिकार भनिन्छ भने गलत ठाउँमा गलत तरीकाले मन लगाए अयोनिसोमनसिकार भनिन्छ । योनिसोमनसिकार, प्रज्ञा र कुशल धर्मद्वारा फेरी जन्म लिनु नपर्ने भइ निर्वाण प्राप्त हुन्छ। योनिसोमनसिकार र प्रज्ञा एउटै हो की जस्तो लाग्छ । तर ती दुवै विल्कुलै अलग अलग हुन् । जसरी वाँया हातले धानको मुठ्ठा समाई दायाँहातको हँसियाले काट्छ त्यस्तै मनलाइ नियन्त्रण गरी ठिक ठाउँमा लगाउनु योनिसोमनसिकार हो भने क्लेशलाई काट्नु प्रज्ञा हो। परम सुख शान्ति-निर्वाण चाहनेले कुशल धर्म गरीरहनु पर्छ। शील, श्रद्धा, वीर्य, स्मृति र समाधि कुशल धर्म हो । सवै कुशल धर्महरूमा प्रतिष्ठित हुनु शील हो। जसरी वीज उत्पन्न हुन अंकुरित हुन बढ्न, फल्न पृथ्वीको आधार चाहिन्छ, त्यस्तै अरु सबै कुशल धर्मरूको आधारशीला शील हो। मनमा प्रसन्नता र उच्च कोटीको आकांक्षा उत्पन्न गरी दिनु श्रद्धाको लक्षण हो । श्रद्धा भएपछि पाँच प्रकारका वाधा अड्चनहरू-पञ्च नीवरण जस्तै १) काम तृष्णामा रमाउनु २) द्वेष र रीस गर्नु ३) अल्छी हुनु ४) चञ्चल हुनु र पश्चाताप गर्नु र ५) सशंकित हुनु हटेर जान्छ । वीर्य भनेको ढल्न लागेको घरलाई टेवा दिनु जस्तो हो। वीर्यले गर्दा कुशल धर्महरू नाश भएर जाँदैन। कुशल र अकुशलको भेदलाई स्मरण गरी रहने कामलाई स्मृति भनिन्छ । कुशल र अकुशललाई होश राखी वसेमा अकुशलतर्फ नलागी कुशल तर्फ लाग्न मद्दत हुन्छ। समयको अभावले समाधि सम्वन्धी वाचन र व्याख्या भएन।

यसरी श्रद्धेय धम्मवती गुरुमांले पुस्तकमा लेखिएका कुराहरूलाई स्पष्ट पार्नुको साथसाथै अरु सान्दर्भिक कुराहरूपनि प्रस्तुत गर्नु भई प्रवचन दिनु भएकोले उपस्थित उपासक उपासिकाहरू धेरै लाभान्वित भएका थिए।

## लेखनकला तालिम

रिपोर्टर- श्यामलाल चित्रकार।

गत महिनाहरूमा जस्तै माघ महिनाको अन्तिम शनिश्चरवार २०६०।१०।२४ गतेका दिन सन्ध्या टाइम्सका सम्पादक श्री सुरेश किरण मानन्धरले 'लेखनकला' विषयमा कक्षा लिनु भएको थियो।

समाचार र लेखको शुरुको वाक्य वा पंक्तीलाई (Lead line) लिड लाइन भनिन्छ। लिडलाइनको उद्देय लेखलाई स्पष्ट तथा रोचक वताउनु हो । व्यस्तताको कारण र सूचनाको विभिन्न माध्यमको विकासको कारणले गर्दा व्यक्ति र पत्रिका विच सम्वन्ध समय कम हुँदै गइरहेको छ । व्यक्तिको ध्यान आकर्षण गर्न पत्रिकाहरूलाई चुनौती भएको छ । पाठकको ध्यान आकर्षण गर्न लिड लाइनको ठूलो भूमिका हुन्छ । लिडलाइनलाई रोचक गर्न धेरै उपायहरू छन् र लेखकको प्रतिभामा पनि पर्दछ । George A Hough 3rd ले लेख्नु भएको News writing पुस्तकमा लिड लाइन निम्न किसिमको हुन सक्ने उल्लेख भए पनि ती वाहेक लेखकले नयाँ नयाँ तरिका पनि अपनाइ आफ्नो प्रतिभा देखाउन उहाँ मानन्धरले सल्लाह दिनु भयो।

(१) Simple leadline छोटो छोटो सामान्य वाक्यले शुरू गर्ने।
(२) Stage direction नात्य शैलिले शुरु गर्ने।
(३) Narative direction वर्णानुमक ढाँचा अपनाउने।
(४) Anecdote सानो कथा हाली शुरू गर्ने।
(५) Flash back ठिक उस्तै अथवा ठीक विपरित पुरानो घटना अघि सार्नु।
(६) Contrast ठीक उल्टो कुरा अगाडि ल्याउनु।
(७) Descriptive
(८) Chronology समयको क्रम अनुसार घटना वर्णन गर्नु।

(९) Reference कसैको भनाइ, पुस्तक, पत्रिका इत्यादीमा लेखिएको कुरावाट शुरु गर्नु।
(१०) Dialog कुराकानीको ढाँचामा शुरु गर्नु।
(११) Questionare प्रश्नवाट शुरू गर्नु।
(१२) माथि उल्लेखित वाहेक अन्य तरिकाहरू।

## मनुष्य जीवनको महत्त्व र यसको उत्तम शरण

२०६० माघ १७ गते, स्थान- धर्मकीर्ति विहार।
रिपोर्टर- श्यामलाल चित्रकार।

यसदिन वीर्यवती गुरुमाँले "मनुष्य जीवनको महत्त्व र यसको उत्तम शरण" विषयमा प्रवचन गर्नुहुँदै भन्नुभयो– मानिसहरूले अरु प्राणीहरू भन्दा उन्नत दिमाग पाएका हुनाले अन्य प्राणीहरूको भन्दा मानिसहरूको चिन्तन शक्ति उच्चस्तरका हुन्छन्। यस उच्च सतरको चिन्तन शक्तिलाई ठीक मार्गमा लगाउन सके यही जीवनबाट उसले जन्म मरण चक्रबाट मुक्त हुने मौका प्राप्त गर्न सक्दछ। तर अज्ञानताको कारणले मानिसहरूले आफ्नो स्वार्थको वसमा लागी मन कलुषित पार्न पुग्छन्। फलस्वरूप दीर्घ मानसिक रोगी (राग र द्वेष भावनाबाट ग्रसित) बनी दुर्लभ मनुष्य जीवनको महत्त्व र यसको प्रमुख लक्ष नै विर्सन पुगी जीवन खेर फालिरहेका हुन्छन्। त्यसकारण यस मानसिक रोग हटाउनका लागि यी महत्त्वपूर्ण एवं पवित्र शरणको सहयोग लिन अत्यावश्यक छ। ती यसरी छन्–

१. बुद्ध- मनोविज्ञान चिकित्सक
२. धर्म- कलुषित मन पखाल्नका लागि बुद्धले दिनुभएको औषधी
३. संघ- क्लेश युक्त मनलाई धर्मरुपी औषधीले पखाल्नका लागि समय समयमा होश र सहयोग दिनुहुने नर्श तथा कम्पाउण्डर
४. कुशल कार्य- मनका मयल पखाल्नका लागि आफूबाट अभ्यास गर्नुपर्ने दान, शील, र ध्यानरुपी कुशल कार्यहरू

## कुन व्यक्ति असल हुन्छ ?

२०६० फागुण २ गते। स्थान- धर्मकीर्ति विहार।
रिपोर्टर- मथुरा शाक्य।

यसदिन चमेली गुरुमांले "कुन व्यक्ति असल हुन्छ भन्ने विषयमा प्रवचन गर्नुहुदै भन्नुभयो–

लोभ द्वेष मोह हट्यो भने मानिस असल बन्नेछ। यसको लागि सबभन्दा पहिले आफ्नो आचरण सुधार्नु पर्छ। त्यसपछि उसले राम्रो कार्यमा श्रद्धा राख्नु पर्दछ। यसको साथै मानिसमा प्रज्ञा हुन पनि जरुरी छ। त्यतिमात्र होइन मानिसको आ-आफ्नो राम्रो कर्मले पनि मानिसलाई असल व्यक्ति हुनलाई मद्दत गर्दछ। यी कर्महरू चार प्रकारका हुन्छन्।

**१. दिट्ठधम्म वेदनीय कम्म–** यस जन्ममा रोपेका कर्मफल यही जन्ममा भोग गर्नुपर्ने कर्मफल। असल कर्म रोपे असल फल र खराब कर्म रोपे खराब फल नै भोग गर्नुपर्ने हुन्छ।

**२. उपपज्ज वेदनीय कम्म–** यस जन्ममा रोपेको कर्मफल अर्को जन्ममा भोग गराइने।

**३. अपरापरीय वेदनीय कम्म–** जन्म मरण चक्रबाट मुक्ति अवस्था प्राप्त नभएसम्मको अवधि भित्र आफूले रोपेको कर्म फललाई प्रकृतीले मौका हेरी हेरी भोग गराइने कर्मफल।

**४. अहोसी कर्म–** आफ्नो चित्त परिशुद्ध र निक्लेश बनाई निर्वाण प्राप्त भइसकेका अर्थात् मुक्ति अवस्था प्राप्त गरिसकेका व्यक्तिहरूले पहिला आफूले रोपेर आएका कर्मफलहरू भोगन नपर्ने गरी कर्मफल लोप भएर जाने हुन्छ। यस प्रकारको कर्मफललाई अहोसी कर्म भनिन्छ। उदाहरणको लागि अंगुलीमालले सयौं मानिसहरूको ज्यान लिए पनि त्यही जन्ममा अरहन्त अर्थात् मुक्ति अवस्था प्राप्त गर्न सकेको कारणले त्यस जन्मको कर्मफल अर्को जन्ममा भोग गर्न नपर्ने भई कर्मफल लोप भएको थियो।

## एक हप्ते प्रव्रज्या कार्यक्रम

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा २०६० माघ २ देखि ८ गते सम्म धर्मकीर्ति बसुन्धरा विहारमा संचालित अल्पकालिन श्रामणेर र ऋषिणी प्रव्रज्या कार्यक्रम सम्पन्न गरिएको थियो। यस विषयमा धर्मकीर्ति पत्रिकाको वर्ष २१ अङ्क ११ मा समाचार प्रस्तुत गरिसकेको कुरा पाठक वर्गमा जानकारी गरिएको छ।

यस अङ्कमा उक्त प्रव्रज्या कार्यक्रममा भागलिएका प्रव्रजित सहभागीहरूको नाम यसरी उल्लेख गरिदैछ।

| *श्रामणेर प्रव्रजित नाम* | *गृहस्थीनाम* |
|---|---|
| १. कोलित | राजन महर्जन |
| २. उपतिस्स | केविन महर्जन |
| ३. नन्द | श्याम महर्जन |
| ४. राहुल | रितेन श्रेष्ठ |
| ५. भद्दीय | जयकृष्ण श्रेष्ठ |

*ऋषिणीहरूको नाम–*

| | |
|---|---|
| १. यास्मीन श्रेष्ठ | २. सीतु मानन्धर |
| ३. श्रीया कंसाकार | ४. सुजाना कंसाकार |
| ५. रेशमा कंसाकार | ६. निलिशा तुलाधर |
| ७. एलीजा श्रेष्ठ | ८. दीक्षा राजभण्डारी |
| ९. मेलीना तुलाधर | १०. विशाखा तुलाधर |
| ११. बिनिया महर्जन | १२. स्मृति श्रेष्ठ |


Downloaded from http://www.dhamma.digital

१३. कृमिता शाक्य　　१४. लुजला तुलाधर
१५. प्रमीता शाक्य　　१६. नविना महर्जन
१७. रोशनी महर्जन

उक्त प्रव्रज्या कार्यक्रम अवधिभर भोजन, जलपान र सरवत दान दिनुहुने दाताहरूको नामावली यसरी रहेको छ ।

**भोजन–** महेन्द्रवीर सिंह कंसाकार ।

डा. सुमनकमल तुलाधर, प्रफुल्ल तारा कंसाकार, उत्पला तुलाधर, रोहना कंसाकार, मीना तुलाधर, ललितदेव मानन्धर ।

**जलपान दान–** निल हेरा कंसाकार, सलिना श्रेष्ठ, अष्टमाया महर्जन, सुवर्ण रञ्जित, नन्दा शाक्य, शारदा श्रेष्ठ ।

**सरवत दान–** दीना कंसाकार, महेन्द्र वीर सिं कंसाकार, रचना कंसाकार, भिक्षुणी इन्दावती, शारदा श्रेष्ठ आदि ।

यसरी नै सूर्य लक्ष्मी तुलाधरले एक हप्ताको लागि दूध दान दिनु भएको थियो भने मीन शोभा शाक्यले रु. २००।- दान दिनुभएको थियो ।

उक्त कार्यक्रममा भाग लिएका प्रव्रजित बाल बालिकाहरू मध्ये कसैले आफ्नो प्रव्रजित जीवन बारे अनुभव पनि पोखेका थिए ।

### "प्रव्रज्या अनुभव"

***प्रस्तुति– केविन श्रेष्ठ ।*** सबभन्दा पहिला बुद्धलाई बन्दना, उपस्थित भन्ते र गुरुमांरूलाई वन्दना र उपस्थित अन्य सबैलाई मेरो नमस्कार छ ।

म केबिन महर्जन (उपतिस्स) आज आफ्नो मनको खुलदुलीहरू यहाँहरू सामु प्रस्तुत गर्दैछु । यो धर्मकीर्ति वसुन्धरा विहार ज्यादै रमाइलो लाग्यो । पहिला पनि म श्रामणेर बन्न आएको थिएँ यहाँ । यहाँको शान्त वातावरण र भन्ते गुरुमाँहरूको असल व्यवहारले मलाई प्रभाव पारेको छ ।

यहाँ आई मैले धेरै ज्ञानवर्द्धक कुराहरू सिक्ने मौका पाएँ । पहिला पहिला भन्ते गुरुमाँ शब्द सुन्न मात्र पाएको मैले आज आफै श्रामणेर बन्न पाउँदा ज्यादै खुशी लागेको छ ।

यहाँ आएर मैले ध्यान गर्ने, स्वास्थ्य सम्बन्धी शिक्षा, बुद्ध जीवनी, जातक कथामा आधारीत नैतिक शिक्षा आदि सिक्न पाएँ । त्यति मात्र होइन आफ्नो मनमा लागेका जिज्ञासा पोख्नको लागि यहाँ छुट्टै जिज्ञासा कार्यक्रम पनि राखिएको छ । यहाँ राखिएका विभिन्न कार्यक्रम मध्ये बुद्ध पूजा कार्यक्रम ज्यादै मन पर्छ । तर ध्यान कार्यक्रम अलि गाऱ्हो लाग्छ ।

हामी यहाँ बिहान ६ बजे उठ्छौं र राती ८:३० बजे सुत्छौं । यहाँ सबै काम समयानुसार नै गरिन्छ ।

मलाई यस ठाउँ छोडेर जान त मन छैन । तर हाम्रो लागि यहाँ बस्ने समय सकिसकेको छ । यस्तो कार्यक्रम फेरि सञ्चालन गरियो भने फेरि भाग लिनेछु ।

अन्त्यमा यहाँ उपस्थित सबै भन्ते गुरुमाँहरू, दिदीहरू यस कार्यक्रमको संयोजीका मीना तुलाधरलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु ।

***प्रस्तुती– यास्मिन श्रेष्ठ ।*** सबैभन्दा पहिला भगवान बुद्धलाई वन्दना, भन्तेहरूलाई वन्दना, गुरुमाँहरूलाई वन्दना र सभापती महोदय तथा यहाँ उपस्थित सबै महानुभावहरूलाई मेरो हार्दिक नमस्कार ।

मेरो नाम यास्मिन श्रेष्ठ हो । म रातो बङ्गला स्कूलमा कक्षा ७ मा अध्ययन गर्दैछु । मेरो आमाको नाम शारदा श्रेष्ठ र मेरो बुबाको नाम हरिहर श्रेष्ठ हो । म यहाँ माघ २ गते देखि आज माघ ८ गतेसम्म ऋषिणी बन्न पहिलो पटक आएकी थिएँ । यहाँ आएर मैले एउटा नौलो अनुभव पाएँ । यस विहारमा आएर मैले धेरै नयाँ र राम्रा कुराहरू सिकें ।

यहाँ भन्ते, गुरुमाँहरूबाट मैले धेरै उपयोगी शिक्षाहरू सिक्ने मौका पाएँ । मैले धेरै ज्ञानगुणका कुराहरू पनि सिकें । मलाई पहिला थाहा नभएको कुराहरू, जस्तै: पञ्चशील, अष्टशील आदि बारे पनि मैले थाहा पाएँ । यहाँ हामीहरूले एउटा रमाइलो तरिकाबाट पनि ज्ञानका कुराहरू सिक्छौं- रमाइला कथाहरू सुनेर । ज्ञानका कुराहरू त हामीले सिक्यौं तर त्यसको साथमा विद्यालयमा जस्तै यहाँ हाम्रा चित्रकला तथा स्वास्थ कक्षाहरू पनि हुन्छन् । विद्यालयमा भन्दा छुट्टै विद्या पनि यहाँ सिकाइन्छ- नैतिक शिक्षा त्यहाँ बसेर हामी अर्को पनि एउटा राम्रो कुरा सिक्छौं- ध्यान त्यहाँ ध्यान कसरी गर्ने, ध्यान गर्दा के गर्नु पर्छ, कसरी बस्नु पर्छ जस्ता सबै कुराहरू सिकाइन्छ । ध्यानबाट हामीलाई धेरै फाइदा हुन्छ भन्ने कुरा पनि मैले जानें । ध्यान गर्दा हामीले हाम्रो शरीरलाई रोगहरूबाट मुक्त पार्छौं, हाम्रो होश हराउँदैन र यसले हाम्रो स्मरण शक्ति पनि बढ्छ भन्ने कुरा पनि मैले यहाँ आएर सिकें ।

यहाँ हामी अष्टशीलको पालन गरेर बस्यौं तर त्यो त्यति गाह्रो थिएन किनभने यहाँ हामी हाम्रो दैनिक रुटिनमा चल्यौं र हाम्रो दैनिक रुटिनमा भएका कक्षाहरू ठीक समयमा राखिएका छन् । हामी धेरै नथाकोस् भनेर हामीलाई विचमा आराम गर्ने समयहरू पनि छन् । यहाँ हामीलाई राम्ररी, माया गरेर जलपान र भोजन गराउने

दिदीहरू पनि छन्। हामीले यहाँ १२ बजे पछि खाना खान हुँदैन। पहिला खाना राम्ररी नखाँदा कहिले काहिँ भोक लाग्थ्यो तर राम्ररी खाएको बेलामा भने भोक लाग्दैन थियो। यहाँ मैले धेरै नयाँ साथिहरू बनाउने मौका पनि पाएँ। त्यस्तै गरि यहाँ हामीले हाम्रो चरित्रलाई राम्रो बनाएर ज्ञानी बन्ने पनि मौका पायौं। यहाँ मैले मेरो अनुशासन जाँच्ने मौका पनि पाएँ। यहाँ मैले बुद्ध पूजा कसरी के भनेर गर्छन् भन्ने कुरा पनि थाहा पाएँ। यहाँ मलाई कहिले पनि केहीको पनि कमि थिएन।

यहाँका सहयोगी गुरुमाँहरू, दिदीहरू र यहाँको आनन्द वातावरणले गर्दा मलाई यहाँ धेरै रमाइलो भयो। फेरि पनि आउने आशा लिएर म मेरो कुरा यहिँ टुंग्याउँछु, धन्यवाद।

**परित्राण पाठ र बुद्धपूजा भि.सि.डि. विमोचन**

२०६० फागुण १ गते। स्थान- धर्मकीर्ति विहार, श्रीघ: न:घ:।

श्रद्धेय भिक्षु अश्वघोष महास्थविरको श्रमण जीवन ६० वर्ष पूरा भएको उपलक्षमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा बुद्ध पूजा र परित्राण पाठको भि.सि.डि. विमोचन गरिएको छ।

धर्मकीर्ति विहारमा नियमित रूपले सञ्चालन भइरहेको बुद्ध पूजा र परित्राण पाठलाई प्रस्तुत गरिएको यस भि.सि.डि. भिक्षु अश्वघोष महास्थविरले विमोचन गर्नुभएको थियो।

उक्त कार्यक्रममा प्रफुल्ल कमल ताम्राकारले उद्घोषण गर्नु भएको थियो भने डा. सुमन कमल तुलाधरले स्वागत भाषण गर्नुभएको थियो। यसरी नै रोशन काजी तुलाधरले पनि आफ्नो मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा भिक्षु अश्वघोष महास्थविरको तर्फबाट धर्मदेशना भएको थियो र धम्मवती गुरुमाँले धन्यवाद ज्ञापन गर्नुभएको थियो।

भि.सि.डि. विमोचन गरिएको दिन भएको कारणले उक्त दिनमा उक्त भि.सि.डि.हरू केही सहुलियत दरमा विक्री गरिएको थियो। त्यसैले उक्त दिन परित्राण पाठ भि.सि.डि. रु. १३०।- मा र बुद्ध पूजा भि.सि.डि. रु. ९०।- मा विक्री वितरण गरिएको थियो।

**धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू**

२०६० सालमा सञ्चालित धर्मकीर्ति रनिङ्ग शील्ड हाजिर जवाफ प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र चतुर्थ हुने विद्यालयहरूलाई दाता श्री सानुरत्न स्थापितबाट प्रदान गरिएको धर्मकीर्ति पत्रिकाको विशेष सदस्यता प्राप्त गर्ने विद्यालयहरूको नामावली

| *क्र.सं.* | *विद्यालयको नाम* | *विशेष सदस्यता वापत प्राप्त रकम* |
|---|---|---|
| ४१७ | बुढानिलकण्ठ मा.वि., बुढानिलकण्ठ | रु. १००१/- |
| ४१८ | श्री ५ रत्न राज्य देवी मा.वि., वानेश्वर | रु. १००१/- |
| ४१९ | श्री नेवर बोर्डिङ हा. स्कुल, गोंग:बुं | रु. १००१/- |
| ४२० | श्री सीतामाता मा.वि., विजेश्वरी | रु. १००१/- |

★

२०६० माघ ३ गते।

प्रवचन- भिक्षु अश्वघोष महास्थविर

संचालक- राजा बज्राचार्य

स्थान- धर्मकीर्ति विहार।

थ्व दिनया कक्षाय् पूज्य अश्वघोष भन्ते प्रव्रजित जुया बिज्या:गु ६० दँ क्यंगुया लसताय् भन्तेया जीवनी सम्बन्धी घटनाया च्वसु मुनेगु ज्वले च्वमिपिं सकसिनं न्यनेकने याय्मा:गु खँत भन्तेयाके न्यनेगु ज्या जुल। छगूकथं पत्रकार सम्मेलन जुल। च्वमिपिनिगु जिज्ञासायात भन्तेनं न्ह्यैपुक कना बिज्यात। अश्वघोष भन्तेया जीवने जूगु घटनायात कया: जूगु मूख्य प्रश्नत थथे ख:

(१) भन्ते प्रव्रजित जुयागुया उद्देश्य
(२) भन्ते राष्ट्रिय सभाय् च्वना बलेया अनुभव
(३) धर्म निरपेक्षता बिषय धारणा
(४) बौद्ध जागरण शिविर गथे जुया: सञ्चालन जुल
(५) संघाराम भिक्षु तालिम केन्द्रया उद्देश्य
(६) भिक्षु जीवनया कठिनाइत
(७) भिक्षु जुया: धर्म प्रचारप्रति संतुष्ट वा असंतुष्ट आदि आदि।

कक्षाय् उपस्थितपिं सकलें 'लेखन प्रतिभा विकास तालिमया प्रशिक्षार्थिपिं ख:।

## धर्मकीर्ति पत्रिकालाई सहयोग

धर्मकीर्ति पत्रिकालाई श्रामणेर गौतमबाट सहयोगार्थ रु. १००।- प्राप्त भएको छ। चन्दा दाता श्रामणेर गौतमलाई धर्मकीर्ति पत्रिका साधुवाद व्यक्त गर्दछ।



Downloaded from http://www.dhamma.digital

## बाल आश्रमलाई सहयोग

मेत्ता सेण्टर बाल आश्रम ध्यानकुटी बनेपालाई आर्थिक सहयोग दिनुहुने दाताहरूको नामावली

| | | |
|---|---|---|
| १. | दयालक्ष्मी खड्गी, कुमारीपाटी ल.पु. | रु. ५०००।- |
| २. | मथुरा डंगोल, सिंचाई विभाग ल.पु. | रु. ५०००।- |
| ३. | धर्मचन्द्र शाक्य, बनेपा २ महीनाको | रु. ६००।- |
| ४. | स्व. पुत्रको स्मृतिमा तीर्थरत्न मानन्धर | रु. ४००।- |
| ५. | सुखी होतु परिवार बुद्ध विहार- | ६० किलो चामल |
| ६. | ताइवानी उपासिका | रु. २०००।- |
| ७. | बुद्धलक्ष्मी कंसाकार, काठमाडौं भोटाहिती | रु. २००।- |

### धर्मकीर्ति बौद्ध मासिक
### वर्ष २० अंक १ देखि १२ सम्म (२०५८) को
### आय व्यय विवरण

| क्र.सं. | खर्च | रकम | क्र.सं. | आम्दानी | रकम |
|---|---|---|---|---|---|
| १. | कागज खरिद | ७२,५६८।८५ | १. | ग्राहक शुल्क | १,१३,२६०।- |
| २. | छपाई खर्च | १,०४,१८७।- | २. | विज्ञापन | १८,४०५।- |
| ३. | मसलन्द खर्च | १,७३८।- | ३. | ब्याज प्राप्त | २५,२८५।- |
| ४. | हुलाक खर्च | १२,९३६।- | ४. | दान, चन्दा प्राप्त | १,१५,७३४।- |
| ५. | ढुवानी खर्च | १,०३५।- | | | |
| ६. | फुतकर खर्च | ४६५।- | | | |
| ७. | कार्यालय खर्च | ३,६००।- | | | |
| ८. | बैंक कमिसन | १०।- | | | |
| ९. | विशेष सदस्य फ्रेम | ९४५।- | | | |
| | नाफा पुँजीमा सारेको | ७५,१९९।१५ | | | |
| | | २,७२,६८४।- | | | २,७२,६८४।- |

### पत्रिका कोषको विवरण

| | | |
|---|---|---|
| - | २०५८ साल चैत्र मसान्त सम्मको कोषमा जम्मा | रु. ५,४०,१५८।४६ |
| - | २०५९ साल वैशाख देखि चैत्र मसान्त सम्मको विशेष सदस्यको प्राप्त रकम | रु. ३१,४०५।-- |
| - | यस वर्षको २०५९ सालको नाफा रकम | रु. ७५,१९९।१५ |
| - | २०५९ साल चैत्र मसान्त सम्मको कोषमा जम्मा रकम | रु. ६,४६,७६२।६१ |

### ज्ञानमाला भजन र धर्मदेशना

ज्ञानमाला भजन खलः स्वयम्भूको नियमित कार्यक्रम अनुसार पाटनको बज्रबाराही स्थित बुलु गाउँमा ज्ञानमाला भजन बुद्ध पूजा र धर्मदेशना कार्यक्रम सम्पन्न गरिएको समाचार छ।

उक्त कार्यक्रममा भिक्षु सुशीलवाट धर्मदेशना भएको थियो भने वरिष्ठ अधिवक्ता सर्वज्ञरत्न तुलाधर र सिद्धार्थ वनस्थली बोर्डिङ्ग स्कुलका संस्थापक प्रिन्सिपल लक्ष्मण राजबंशीले आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए।

ज्ञानमाला भजन खलःका अध्यक्ष पन्नाकाजी शाक्यको सभापतित्त्वमा सञ्चालित उक्त कार्यक्रममा स्थानिय समाजसेवी राकेश महर्जनले बुलु गाउँको परिचय दिनु भएको थियो।

### बौद्ध कविगोष्ठी

२०६० माघ १७। स्थान- जगत सुन्दर ब्वनेकुथि, चागल

भिक्षु अश्वघोष महास्थविर प्रव्रजित हुनु भएको ६० वर्ष पूरा भएको उपलक्षमा उहाँको अभिनन्दन गर्दै युवा बौद्ध-समूहबाट आयोजित एक वर्षिय कार्यक्रम अन्तरगत सञ्चालन गरिने विभिन्न कार्यक्रमहरू मध्ये बौद्ध कविगोष्ठी सम्पन्न गरिएको छ।

शील प्रार्थना गरी शुरु गरिएको उक्त कार्यक्रममा त्रिरत्न मानन्धरले स्वागत भाषण गर्नुभएको थियो भने भिक्षु अश्वघोष महास्थविरले ओवाद दिनु भएको थियो। कवि दुर्गालाल श्रेष्ठको प्रमुख आतिथ्यमा र शान्तरत्न शाक्यको सभापतित्त्वमा सम्पन्न उक्त गोष्ठीमा वाचन गरिएका कविताहरूलाई प्रतिसरा सायमी र सुरेश मानन्धरले समिक्षा गर्नु भएको थियो। उक्त कार्यक्रममा राजा वज्राचार्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो।

### २५४८ औं आयु संस्कार परित्याग दिवस

२०६० माघ २३ गते।

शाक्यमुनि बुद्धको २५४८ औं आयु संस्कार परित्याग दिवसको उपलक्षमा २५४८ वर्षिय आयु संस्कार परित्याग दिवस समारोह समितिको आयोजनामा बुद्ध प्रतिमा शोभायात्रा कार्यक्रम सम्पन्न गरिएको छ।

### साप्ताहिक धर्मदेशना

२०६० माघ २४ देखि फागुण २ गतेसम्म।
स्थान- गुटपौ टोल कीर्तिपूर।

समग्र ज्ञानमाला भजनखलःको आयोजनामा क्रमशः श्रद्धेय भिक्षु सुमेघ, भिक्षु सुशील, भिक्षु कीर्ति ज्योती, भिक्षु धर्मपाल, भिक्षु अश्वघोष, भिक्षु संघरक्षित भिक्षुणी धम्मवती, र भिक्षु ञाणपूर्णिक आदिबाट साप्ताहिक धर्मदेशना कार्यक्रम सम्पन्न भएको समाचार छ। फागुण २ गते शनीवारका दिन विश्वशान्ति बुद्ध पूजा र भिक्षु महासंघलाई अष्ट परिष्कार दान गरी साप्ताहिक धर्मदेशना कार्यक्रम सम्पन्न गरिएको थियो।

### ञाणशीला गुरुमाँको ७७ औं जन्मदिन

२०६० माघ २४ गते।

स्थान- रुद्रवर्ण महाविहार, ओकुबहाल ललितपुर।

श्रद्धेय ञाणशीला गुरुमां ७७ वर्ष पूरा भएको उपलक्षमा आयोजित विभिन्न कार्यक्रमहरू मध्ये भिक्षु महासंघको तर्फबाट पवित्र महापरित्राण पाठ सम्पन्न गरिएको छ। उक्त कार्यक्रममा ञाणशीला गुरुमां लगायत थुप्रै उपासक उपासिकाहरूले भिक्षु भिक्षुणीहरूलाई दान प्रदान गरी पूण्य संचय गर्नु भएका थिए।

### छात्रवृत्ति प्रदान

भिक्षु अश्वघोष महास्थविरको ६० औं प्रव्रज्या दिवस समारोहको उपलक्षमा संचालित कविता सम्मेलनमा कविता वाचन गर्नुहुने लुभु स्थित एक बाल कवियत्रीलाई लोकदर्शन वज्राचार्यले रु. १५००।- रकमको छात्रवृत्ति प्रदान गर्नु भएको समाचार छ।

### छात्रवृत्ति प्रदान

२०६० फागुण १ गते, शुक्रवार।

स्थान- गण महाविहार काठमाडौं।

नेपाल आदर्श माध्यमिक विद्यालयमा अध्ययनरत ३० जवान असहाय विद्यार्थीहरूलाई का.म.न.पा. प्रमुख केशव स्थापितज्यूको प्रमुख आतिथ्यमा छात्रवृत्ति प्रदान गर्ने कार्य सम्पन्न गरिएको थियो। गण महाविहारको आयोजनामा सम्पन्न उक्त कार्यक्रम भिक्षु शोभित गणविहारमा रहनु भएदेखि सम्पन्न गरिएका अन्य विभिन्न रचनात्मक कार्यक्रमहरू मध्ये उत्तम परोपकार कार्यक्रम रहेको चर्चा छ।

### नगदेश बुद्ध विहारमा आँखा शिविर

गौतम बुद्धको २५४८ औं आयुसंस्कार परित्याग दिवसको पुण्य स्मृतिमा सहृदयी करुणामयी संस्था-तिलगंगा आंखा केन्द्रको पूर्ण सहयोगमा "एकदिने निशुल्क नगदेश आँखा उपचार शिविर" सञ्चालन गर्दा मध्यपुर-थिमि नगर क्षेत्रका २५३ जना नगरवासीहरूले आँखा उपचार गरी लाभार्जन गर्नुभयो। ती मध्ये कै ३२ जना नगर वासीहरूको "मोतियाबिन्दू" अपरेशन गत


Downloaded from http://www.dhamma.digital

माघ २५-२९ माघ २०६० भित्र गरिएको छ। सो शिविर नगदेश बौद्ध समूह र बौद्ध ल्यायम्ह पुच: नगदेशको संयुक्त आयोजनामा भएको थियो। माघ २७ गते नै १६ जनाको तिलगंगा आँखा केन्द्रमा निशुल्क अपरेशन कार्य सम्पन्न भयो।

## आयुसंस्कार परित्याग दिवस

नगदेश बौद्ध समूह र बौद्ध ल्यायम्ह पुच:को संयुक्त आयोजनामा माघपूर्णिमा (सिपुन्ही) को दिनमा नगदेश बुद्ध विहारमा भिक्षु वरसम्बोधि समक्ष शील प्रार्थना र बुद्धपूजा कार्य सम्पन्न भयो। सोही अवसरमा गौतम बुद्धले आफ्नो आयु संस्कार त्याग गर्नु भएको पुण्य संस्मरणमा नगदेश बौद्ध समूहको कोषाध्यक्ष राम भक्त हाय्जुको अध्यक्षतामा २५४८ औं आयुसंस्कार परित्याग दिवस कार्यक्रम भएकोमा प्रमुख अतिथि डा. सानु भाई डंगोलले "दश कुशल-अकुशल कर्म" बारे प्रवचन दिनु भयो भने थेरवाद दायक केन्द्रीय परिषदका प्रतिनिधि बौद्ध विद्वान कुलधर्म रत्न तुलाधरले चतुप्रत्यय बारे मन्तव्य दिनु भयो। नगदेश समूहका सचिव कृष्ण कुमार प्रजापतिले बौद्ध जगतमा माघ पूर्णिमाको दिनमा बुद्धले आयु संस्कार परित्याग गर्नु भएको र सारिपुत्र मौद्गल्यायन महास्थविर द्वयलाई अग्रस्थान दिई अग्रश्रावक उपाधि दिई सम्मान गरेको चर्चा गर्नु भएको थियो। सो कार्यक्रममा स्वागत मन्तव्य बौद्ध ल्यायम्ह पुच: नगदेशका अध्यक्ष शिवभक्त मेजुले दिनुभयो भने बौद्ध समूहका उपाध्यक्ष दीपकराज साँपालको धन्यवाद पछि सभापति राम भक्त हाँय्जुले मन्तव्य सहित सभा विसर्जन गर्नुभयो।

## भारतमा अन्तर्राष्ट्रिय बौद्ध यात्रा सम्मेलन सम्पन्न

२०६० फागुण ५-७ गते। भारतको नयाँ दिल्ली स्थित विज्ञान भवन र अशोक होटलमा भारत सरकारको पर्यटन तथा संस्कृति मंत्रालयको आयोजनामा 'इन्टर-नेशनल कन्क्लेभ अन बुद्धिज्म एण्ड स्पिरिचुयल टुरिज्म" विषयमा अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न गरिएको थियो।

भारत सरकारबाट निमन्त्रणा गरिएको उक्त अन्तर्राष्ट्रिय सम्मेलनमा धर्मोदय सभाका अध्यक्ष भिक्षु अश्वघोष महास्थविरको नेतृत्त्वमा ९ जना नेपाली प्रतिनिधि मण्डलले भाग लिएका थिए।

उक्त टोलीमा विश्व बौद्ध भातृत्व संघका उपाध्यक्ष लोकदर्शन वज्राचार्य, धर्मोदय सभाका सल्लाहकार भिक्षु ज्ञानपूर्णिक महास्थविर, उपाध्यक्ष धम्मवती गुरुमाँ, महासचिव सुवर्ण शाक्य, कार्य समितिका सदस्य छिरिङ्ग तेंजिंग लामा, अन्तर्राष्ट्रिय बौद्ध समाजका अध्यक्ष भिक्षु मैत्री, बुद्ध विहारका प्रमुख भिक्षु कौण्डञ्ञ र सुलक्षण कीर्ति विहारका प्रमुख डा. अनोजा गुरुमाँ आदि हुनुहुन्थ्यो। थुप्रै राष्ट्रका ६०० जवान बौद्ध भिक्षु भिक्षुणीहरूले भाग लिएको उक्त सम्मेलनको भारतका राष्ट्रपति डा. एपीजे अब्दुल कलामले उद्घाटन गर्नुभएको थियो। उक्त अवसरमा उहाँले आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै भन्नुभयो– आज शान्तिको मजबूत संगठन नै बुद्धको संगठन वा संघ हो। शान्तिको लागि बुद्धको शिक्षा म र मेरो भावनाको अहंभावलाई त्याग्नु नै शान्तिको उपाय हो।"

मञ्चमा बोधिवृक्षको ठूलो चित्राकार र बोधिवृक्षको पातको चिन्हहरूले सजाइएको उक्त सम्मेलनमा कहीं कतै पनि बुद्धमूर्ति राखिएको थिएन। जताततै बोधिवृक्ष र धर्मचक्रको चिन्ह मात्र राखिएको थियो।

पाली भाषाबाट मङ्गलसूत्र संगितमय वातावरणमा पाठ गरी सम्मेलन शुरु गरिएको उक्त कार्यक्रममा पञ्चशील प्रार्थना भएन। यो पनि एक विशेषता थियो त्यसकार्यक्रमको। अर्को विशेषता उक्त सम्मेलनको छलफल कार्यक्रममा कपिलवस्तु एउटामात्र हुनुपर्ने कसरी दुईवटा हुन गयो ? र पाली साहित्यमा तौलीहवाको कपिलवस्तुलाई मात्र उल्लेख गरिएको छ पिपरहवा भनी लेखिएको छैन भन्ने विषयमा चर्चा गरिएको थियो।

फेरि अर्को विशेषता यस कार्यक्रमको के रहेको छ भने, कार्यक्रमका सहभागीहरूलाई बुद्ध गया र सारनाथको भ्रमण गराइएको थियो भने प्रतिनिधि मण्डलका नेताहरूलाई बुद्धगयाबाट ल्याइएको बोधिवृक्षको सानो विरूवा (पित्तलको गमलामा रोपिएको) राष्ट्रपतिको तर्फबाट उपहार स्वरूप प्रदान गरिएको थियो।

उक्त कार्यक्रममा नेपालको तर्फबाट उपहार स्वरूप स्वयम्भूको स्तूप (सुन जलप लगाइएको चाँदीको स्तूप) भारतको राष्ट्रपतिलाई भिक्षु अश्वघोष महास्थविरले प्रदान गर्नुभएको थियो। उपहार प्रदान गर्ने क्रममा उहाँले भन्नुभयो– "यो आध्यात्मिक मैत्री रूपी चिन्हको स्वरूप हो।" संस्कृति मन्त्रीलाई पनि धम्मवती गुरुमाँले र उपसभामुखलाई भिक्षु ज्ञानपूर्णिक महास्थविरले स्वयम्भूको स्तूप उपहार प्रदान गर्नु भएको थियो।

करोडौं खर्च गरी भारत सरकारको पर्यटन मन्त्रालयले आयोजना गरिएको यस सम्मेलनले शान्ति प्राप्त गर्नका लागि आजको प्रमुख आवश्यकता नै आध्यात्मिक उन्नति गर्ने बुद्ध शिक्षा हो भनी प्रस्तुत गरिएको छ। उक्त सम्मेलनमा आधुनिक संसारमा बुद्ध धर्म तथा बुद्ध दर्शनको प्रासांगिता, भारतीय बौद्ध यात्रा एवं सम्भावना र भारतीय बौद्ध क्षेत्रको प्रवर्द्धन आदि विषयमा छलफल गरिएको थियो।

बा.अ.का.द.नं. - ७०/०४०/४१

# बिचा: हायेका

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरुज्झन्ति तेसं ऊपसमो सुखो**



बूगु दिं :
बि.सं. २०००/८/१०

मदुगु दिं :
बि.सं. २०६०/८/१५

## मदुम्ह मयजु प्राणमाया महर्जन

डल्लु, माल्चातार यें ।

धर्मकीर्ति पत्रिकाया व्यवस्थापक, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया सदस्य माल्चातार डल्लु च्वंम्ह भाजु ज्ञानेन्द्र महर्जनया माँ ६० दँया बैंसे आकाभाकां मदुगुलिं वयक:या छेज: पिन्सं अनित्य संसारयात थुइका: दु:ख धैर्य धारण याये फयेमा धका: बिचा: हायेका ।

## धर्मकीर्ति पत्रिका

श्रीघ: न:घ यें ।

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय: नक्साल, नागपोखरी, पोष्ट बक्स: ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं, नेपाल । फोन: ४४३४८५०, ४४३४७५३, फ्याक्स: (९७७-१) ४४३३९२९
व्यापारिक कार्यालय: [illegible] ४२५८६७८
Downloaded from http://www.dhamma.digital